# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ४ पूर्णाङ्क १०२ २०७५ असार २५ गते सोमबार Monday, July 9, 2018 पृष्ठ ८ मूल्य रु. १०।-


## विद्यार्थी नेता सूर्य कार्कीलाई पितृशोक

*काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य तथा पूर्वाञ्चल विश्वविद्यालय संयोजक सूर्य कार्कीलाई पितृ शोक परेको छ । कार्कीका ६३ वर्षीय बुबा कृति कार्कीको उपचारको क्रममा शनिबार काठमाडौंमा निधन हुन पुगेको छ ।*

*टक्सार-८, भोजपुर निवासी कृति कार्की लामो समयदेखि पेटको क्यान्सरबाट पीडित भई नेपाल क्यान्सर अस्पताल हरिसिद्धिमा उपचारत थिए । उनको शनिबार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । विद्यार्थी नेता कार्की उनका एक मात्र सन्तान हुन् ।*

*दिवङ्गत कार्कीप्रति अन्तिम श्रद्धाञ्जलीका लागि नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेल, विद्यार्थी सङ्गठनका अध्यक्ष सेवन्तराज भण्डारी लगायत पार्टी तथा विद्यार्थी नेताहरू आर्यघाट पुगेका थिए ।*

## निषेधाज्ञाको चौतर्फी विरोध

# निषेधाज्ञा फिर्ता नगरिए देजमो कडा संघर्षमा उत्रने

● वर्गदृष्टि संवाददाता

काठमाडौं । आफूलाई 'वाम' तथा ' कम्युनिष्ट' सरकार बताउने केपी शर्मा ओली नेतृत्वको सरकारले काठमाडौं उपत्यका लगायत देशैभर जारी गरेको निषेधाज्ञाको चौतर्फी विरोध भएको छ । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेकपा (विप्लव), नेकपा (ऋषि कट्टेल), नेपाली कांग्रेस, नयाँ शक्ति, विवेकशिल साझा पार्टी, डा. गोविन्द केसी लगायतले विरोध गरेका छन् । निषेधाज्ञाका विरुद्ध सर्वोच्चमा परेको रिटमा सुनुवाई गर्दै सर्वोच्च अदालतले निषेधाज्ञा तत्काल कार्यान्वयन नगर्न अल्पकालीन आदेश जारी गरेको छ । तर प्रम ओलीले भने कुनै पनि हालतमा निषेधाज्ञा फिर्ता नलिने बताएका छन् । आफ्नै पार्टीका सांसदहरूसँग बालुवाटारमा कुरा गर्दै ओलीले शनिबार यस्तो बताएका हुन् ।

**निषेधाज्ञा फिर्ता नलिए देजमोले कडा संघर्षमा उत्रने**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले एक वक्तव्य जारी गरी काठमाडौं उपत्यका लगायत ७७ वटै जिल्लाका विभिन्न भागमा जारी गरेको निषेधाज्ञा फिर्ता नलिए कडा संघर्षमा उत्रने चेतावानी दिएका छन् । १८ असारमा मोर्चाको तर्फबाट जारी गरिएको वक्तव्यमा विरोध गर्न पाउने संविधान प्रदत्त जनताको मौलिक अधिकार खोस्ने गरी जारी गरिएको निषेधाज्ञाले समाजवादको आधार तयार पार्ने बहानामा ओली सरकारले सामाजिक फासिवाद लाद्न खोजेको मोर्चाको पूर्वानुमान सावित गराएको दावी गरिएको छ ।



वक्तव्यमा भनिएको छ, "आफ्ना जनविरोधी करतुतहरू उदाङ्गिने भयबाट ग्रस्त यो प्रतिकृयावादी सरकारले आफ्नै संविधानको धारा १७ (२) (क) र (ख)लाई समेत लत्याउँदै निषेधित क्षेत्रको घोषणा गरेर जनताको मौलिक हकमाथि हमला गर्ने नीति अघि सारेको छ । कुनै पनि बहानामा जनताका मौलिक हक खोस्ने कामलाई स्वीकार गर्न सकिन्न । त्यसकारण, देशका विभिन्न भागमा निषेधित क्षेत्र घोषणा गरी सीमित ठाउँहरूमा मात्र जम्मा भई प्रदर्शन गर्न नपाउने जुन निर्णय गरिएको छ, यसलाई अविलम्ब खारेज गरी जनताको अधिकारलाई कुण्ठित नगर्न सरकारसँग जोडदार माग गर्दछौं । यदि त्यसो गरिएन भने यसका बिरुद्ध कडा संघर्ष गरिने कुराको पनि जानकारी गराउन चाहन्छौं ।"

वक्तव्यमा अगाडि भनिएको छ, "जनताको बिरोधको स्थिति मापन गर्नका लागि गृह मन्त्रालयले सर्बप्रथम जिल्ला सुरक्षा समिति काठमाडौंद्वारा गत चैत्र ३० मा प्रदर्शन गर्न पाइने ठाउँ तोक्ने आदेश जारि गर्न निर्देशन जारि गरेको थियो । त्यसको बिरोध गर्दै सो निर्णय फिर्ता लिन हाम्रो संगठन देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको काठमाडौं जिल्ला समितिले प्रधानमन्त्री समक्ष पुऱ्याउनका लागि प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको थियो । तर, त्यसको ठिक विपरित सरकारले ७७ वटै जिल्लामा निषेधित क्षेत्र निर्धारण गरेर साउनदेखि लागू गर्ने निर्णय गरेको तथ्य जानकारीमा आएको छ । यसबाट यो सरकारले संसदमा दुई तिहाई बहुमतको बलमा "समाजवादको आधार तयार पार्ने" बहानामा सामाजिक फासिवाद लागु गर्दैछ भन्ने हाम्रो अनुमान सही सावित भएको छ ।"

**सर्वोच्चको अल्पकालीन आदेश : 'तत्काल निषेधाज्ञा कार्यान्वन नगर्नू'**

प्रधानमन्त्री ओलीले उपत्यकामा जारी गरिएको निषेधाज्ञा कुनै ...बाँकी ४ पेजमा

## लडाइँ 'मिनी संसद'का लागि

काठमाडौं । सत्ताधारी पूर्व एमाले-माकेको (ने क पा) को सरकार र प्रतिपक्षी नेपाली काङ्ग्रेसबीच मिनी संसदका रूपमा लिइने संसदीय समितिहरूमा भागबण्डाका लागि निकै नै हानथाप र बार्गेनिङ चलिरहेको छ । नेपाली काङ्ग्रेको मकवानपुरमा आयोजित जिल्ला सभापतिहरूको बैठकबाट पारित गरिएका केही अडानहरूका साथ दह्रो उपस्थिति देखिन थाले पछि काङ्ग्रेसको बार्गेनिङ पावर बढ्न थालेको देखिएको छ ।

दलका सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलका बीचमा आन्तरिक लेनदेनका केही सहमति र सम्झौता भएपछि काङ्ग्रेस सापेक्षतामा केही दह्रो अडानका साथ उभिने देखिएको छ ।

यसकै आधारमा न्यूनतम चारवटा संसदीय समितिहरूमा आफ्नो अध्यक्षता रहनु पर्ने काङ्ग्रेसको दाबी पनि देखिएको छ । (ने क पा) को सरकारले एउटासम्म संसदीय समितिमा अध्यक्ष पाउन सक्ने भनी गराउँदै आएको सार्वजनिक भनाइका विरुद्ध काङ्ग्रेस निकै आक्रोशित पनि देखिएको छ ।

नेपालमा अब 'सर्वसत्तावाद'को अभ्यास हुन थालेको उसको आरोप पनि छ । प्रधानमन्त्रीले ओलीले पहिले अटेर गरेर र नटेरेर हेप्ने गरिरहेको काङ्ग्रेसी मागलाई संसदीय वैठकमा जवाफ दिंदा सम्बोधन गरिने पनि बताएका छन् ।

विनियोजन विधेयक लगायतका विधेयकहरू अब सरकारका लागि व्यवहारमा छिट्टै ल्याउनु पर्ने भइसकेका छन् । यस्तो अवस्थामा संसदीय समिति निर्माणमा देखिएको ...बाँकी ८ पेजमा

# 'गण्डकी पहिचान विरोधी प्रदेश'

## 'पहिचानविरोधी निर्णय खारेज गर'- देजमो ४ नं. प्रदेश

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ४ नम्बर प्रदेशले पहिचानविरोधी निर्णयहरू खारेज गर्न जोडदार माग गरेको छ । ४ नम्बर प्रदेशको प्रदेश सरकारले नामाकरण गर्ने क्रममा उक्त प्रदेशलाई गण्डकी प्रदेश नामाकरण गरेपछि सो पहिचानविरोधी निर्णयको घोर विरोध गर्दै मोर्चाले त्यसको खारेजीको जोडदार माग गरेको हो । शनिबार देजमो ४ नम्बर प्रदेशका संयोजक केशबहादुर परियारले एक वक्तव्य जारी गरी यस्तो माग गरेका हुन् ।

वक्तव्यमा भनिएको छ, 'देशका सम्पूर्ण जात, जातिको बसोबासको वर्तमान स्थिति र ऐतिहासिकता, भौगोलिक अवस्थिति, सामाजिक, भाषिक, सांस्कृतिक, धार्मिक अवस्था तथा प्राकृतिक स्रोतसाधनको उपलब्धता आदि पक्ष र विषयको वैज्ञानिक रूपमा सर्वेक्षण र अध्ययनन गरी प्रदेशको नामाकरणको निर्णय गर्दा त्यस क्षेत्रको जात, जाति, आदिवासी जनजाति, भाषाभाषी, समुदायका जनताको भावना, ऐतिहासिकता र वस्तुस्थितिको बारेमा छलफल र सहमतिको आधारमा निस्कर्षमा पुग्नुको अलवा यो पहिचानविरोधी ओली नेतृत्वको सङ्घीय सरकार र प्रदेश सरकारले भूगोल र नदीनाला तथा पहाड पर्वतको आधारमा सङ्घीय प्रदेशहरूको नामाकरण गर्ने निर्णयप्रति देशभक्त ...बाँकी ७ पेजमा

काठमाडौं । ४ नम्बर प्रदेश सरकारको बहुमतले यसलाई गण्डकी प्रदेश भनी नामाकरण गरेको छ । साथै, यसको राजधानी पोखरा नै अनुमोदन गरेको छ । शुक्रवार बसेको प्रदेश नम्बर ४ को संसद बैठकले नामाकरणको काम सकेको बताएको छ । संसदमा हाल कायम ५९ जना सांसदमध्ये वैठकमा कार्यवाहक सभामुखलगायत ५७ जनाको उपसिथिति थियो ।

सभामुख बाहेक उपस्थित सबै जनाले नामाकरणबारेमा मतदान गरेका थिए ।

मतदान गरेकाहरू मध्ये ५४ जनाले गण्डकी प्रदेश नामाकरणको पक्षमा र मात्र २ जनाले विपक्षमा मतदान गरेका थिए । हालको प्रदेश सभामा ने क पा का ३९ जना नेपाली कांग्रेसका १५, जनमोर्चाका ३ र नयाँशक्तिका २ जना रहेका छन् । गण्डकी प्रदेशको विरोधमा नयाँशक्तिका यिनै २ जनाले मतदान गरेका थिए ।

तर यो निर्णय बाहिर आएपछि पहिचानका पक्षधर आदिवासी, जनजाती र दलित ...बाँकी ७ पेजमा

## दाहालको आर्थिक चलखेलमाथि ओलीको अंकुश

काठमाडौं । ने क पा ले एक महिनामा सदस्यहरूबाटै ७ करोड लेबी आउने अनुमानका आधारमा करोडौंको कोष खडा गर्ने विधान ड्राफ्ट भइसकेको ने क पा को धुम्बाराही केन्द्रीय कार्यालयमा चर्चा चलिरहेको छ । पूर्व आँकलनअनुसार नियमित आउने लेबी र एनूजीओ आईएनूजीओ जस्ता एमाले नेतृत्वमा रहेका संस्थाहरूबाट आउने नियमित लेबी कोटालाई यसको मुख्य आधार मानिएको बताइएको छ । यसका साथै सरकारी प्रोजेक्टहरू तथा मन्त्री तथा सांसदहरूबाट आउने मोटो लेबी रकम पनि यसको स्रोतको रूपमा लिइएको छ । ठेकेदारहरू तथा अन्य काम मिलाइदिएकाहरूले चढाएको नजराना पनि व्यक्तिकरण नगरी संस्थागत कोषमा राख्ने कुरामा जोड दिइएको छ ।

पूर्व एमालेबाट ४ लाख कार्यकर्ता र पूर्व माओवादी केन्द्रबाट ३ लाख गरी करीब ७ लाख कार्यकर्ताहरूबाट प्रत्येकको मासिक १०० का दरले ७ करोड लेबी उठाइने भएको छ । कोषका तत्काल १२ करोड रहने अनुमान गरिएको छ । जसमा पूर्व एमालेको ११ करोड र पूर्व माओवादी केन्द्रको १ करोड रहने अनुमान गरिएको छ । यगरी निर्माण गर्न लागिएको कोष स्थायी समितिका नेताहरूको नेतृत्वमा रहने गरी बनाइने सङ्केत गरिएको छ ।

कोष निर्माण गर्ने विधान ड्राफ्ट भएपछि व्यक्तिगत रूपमा 'आफू नै बोस र आफू नै कोष' हुँदै आएका प्रचण्डको व्यक्तिगत आर्थिक चलखखेलमाथि फलामे अङ्कुश लाग्न पुगेको छ । यसले उनी र उनको आगामी क्यारियरलाई निकै ठूलो धक्का पुऱ्याउने छ । उनले व्यक्तिगत रूपमा पालेका मानिसहरूले क्याम्प परिवर्तन गर्नसक्ने ठूलो खड्को आइ परेको पनि देखिन्छ । राजनीतिक रूपमा गिर्दो छबी, पारिवारिक रूपमा अकथ्य दुःख र कार्यकर्ता तथा जनताका माझमा बढ्दो अविश्वास र घृणासँगै ...बाँकी ८ पेजमा

## 'राजनीति गर्ने भए पार्टी प्रवेश गर'- प्रम ओली
## 'कर्णालीमा देह त्याग गर्न तयार छु'- डा.के.सी.

### 'के.सी.ले उठाएका जायज माग पूरा गर'- देजमो नेपाल

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले कर्णाली प्रदेशको जुम्लामा अनसन बसिरहेका डा. गोविन्द केसीको मागलाई वेवास्ता गरी सरकारद्वारा हालै मात्र संसदमा 'राष्ट्रिय चिकित्सा शिक्षा विधेयक' दर्ता गरिनुले आगोमा घीउ थप्ने काम गरेको बताएको छ । मोर्चाले नेपालको शिक्षा र स्वास्थ्य क्षेत्रमा भइरहेको विसंगतिका विरुद्ध यस अघि पनि चौध पटकसम्म अनसन बसिसकेका डा.केसीका जायज मागहरूलाई विना पूर्वाग्रह यथाशिघ्र सम्बोधन गरेर बिग्रदो स्वास्थ्य स्थितिको ख्याल गर्दै उनको जीवन रक्षामा कुनै पनि लापर्वाही नगर्न चेतावनी समेत् दिएको छ ।

शनिवार जारी गरिएको मोर्चाका अध्यक्ष सी.पी.गजुरेलको ...बाँकी ८ पेजमा

काठमाडौं । डा. गोविन्द केसी अहिले कर्णालीको जुम्लामा सत्याग्रहमा बसिरहेका छन् । उनको स्वास्थ्य स्थिति निकै कमजोर भएपछि हाल कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठानको अति सघन कक्षमा राखिएको छ । अहिले उनको स्वास्थ्य तथा जीवन रक्षाको कुरा उठाएर कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठानका साथै देशभरका चिकित्सकहरू आन्दोलित हुँदै गइरहेका छन् ।

दूर दराजका ग्रामीण इलाकामा स्वास्थ्य र स्वास्थ्य शिक्षा नपुगेको तर काठमाडौं लगायतका निकै सुगम ...बाँकी ८ पेजमा

# संगठन सुदृढीकरण अभियान र केन्द्रीय समितिको बैठक

**अटल**

**संगठन सुदृढीकरण तथा जनपरिचालन अभियानमार्फत् केन्द्रीय समिति शुद्धीकरणको भट्टीमा नपसे पनि सुदृढीकरणको दिशामा भने केही अगाडि बढ्यो । पाँच महिने अभियानमा को खट्यो, को खटेन, कसले कति काम गऱ्यो, कसले गरेन यसबारे समीक्षा भयो**

नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बहुमत हिस्सा २०७३ जेठ ६ गते पलायन भएर माकेमा मिसिएपछि, वैचारिक, सैद्धान्तिक र राजनैतिक रूपमा कुनै समस्या नरहे पनि साङ्गठनिक रूपमा चुनौतीको चिनियाँ पर्खाल खडा भएको थियो । परिवर्तनशील संसारमा सबै कुरा सधै एकै किसिमको रहदैन ।


निम्न पुँजीवादी समाजमा पद, पैसा र प्रतिष्ठाको लागि सरदर मानिसहरू जे पनि गर्न तयार हुने स्थितिमा (क्रान्तिकारी माओवादी)लाई जरोकिलो मास्नकै लागि जिल्ला कमिटीमा पनि नरहेकालाई समेत सात हजार केन्द्रीय सदस्य बनाउने लक्ष्यका साथ चार हजार भन्दा बढी केन्द्रीय सदस्य माकेले बनाएर मानिसको महत्वाङ्काक्षा बढाएर (क्रान्तिकारी माओवादी) का धेरै सदस्यलाई तानिदिएको थियो । त्यो चुनौतीलाई स्वीकार गरेर विचार, दर्शन, सिद्धान्त र राजनीति जतिसुकै ठीक भएपनि त्यसलाई सङ्गठनमा ढाल्न सकिएन भने पुस्तकालयमा सिमित हुने खतरा रहन्छ भनेरै (क्रान्तिकारी माओवादी)ले ०७४ पुसमा सम्पन्न बैठकले सङगठन, सङ्गठन र फेरि पनि सङ्गठनको पाँच महिने अभियान सञ्चालन गरेको थियो ।

यो अभियानको समीक्षा गर्न यही ०७५ असार १२ देखि १३ सम्म केन्द्रीय समितिको वैठक आयोजना गरिएको थियो । संसदवादीहरूले आफूलाई कम्युनिस्ट भनी जनतामा पारेको भ्रम र उनीहरूको एमाले-माके गठबन्धन हुँदै माकेको एमालेमा विलयको कारण जनतामा लामो समय भ्रम रहन पाएको छैन । विचार, दर्शन, सिद्धान्त र राजनीतिमा टाट पल्टेपछि सङ्गठनात्मक रूपमा तत्काल केही बलियो देखिए पनि ती जनताबाट तिरस्कृत हुँदै गएका छन् । नेपालका सबै राजनीतिक पार्टीहरू प्रतिक्रियावादी सत्ता र सरकारमा गएर छोटो अबधिको परीक्षण कालमा नै असफल र अयोग्य साबित भइसकेको सन्दर्भ परेरि पनि दोहरिएकाले हाल वाम भनिनेहरूप्रति पनि आम जनताको अविश्वास, आक्रोस र घृणा छ ।

सम्पूर्ण संससदवादी राजनीतिक पार्टी र नेताहरूप्रति आएको यस्तोखाले वितृष्णा जागेको वर्तमान समयमा मानिसहरू राजनीतिक पार्टीहरू तिनका जनवर्गीय संगठन तथा मोर्चाहरूमा सङ्गठित हुन त्यति साह्रो उत्साहित छैनन् । उभारको बेलामा मानिसहरू सङ्गठन खोज्दै आउँछन् भने उतारको बेला पार्टी सङगठनले मानिस खोज्दै जानुपर्छ । अहिले उतारको बेला भएकाले धेरै मेहनतका साथ मानिसहरूका बीचमा गएर मात्र सङ्गठन बनाउन सकिन्छ ।

अहिलेको केन्द्रीय समितिको बैठकमा यही विषयमा बढी छलफल भयो । ०७४ असोजमा सम्पन्न पोखरा बैठकले पार्टी केन्द्रीय समिति सदस्य बन्न एउटा मापदण्ड बनाएको थियो । त्यो मापदण्डका आधारमा सङ्गठन निर्माणको अभियान चलाएर केन्द्रीय सदस्यहरूलाई हेर्ने र जाँच्ने काम पनि भयो । देख्दा सामान्य लागे पनि यो सापेक्षतामा अति आवश्यक र दूरगामी महत्वको ...बाँकी ६ पेजमा

# मालेमावादको आवश्यकता किन ?


हस्तबहादुर केसी

## आज विश्व सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिङ्गो अभेद्य वैचारिक अस्त्रका रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । यसलाई कसैले पनि अलग गर्न सक्तैन । माओवादलाई अलग गरेर मार्क्सवाद-लेनिनवादलाई मात्र हेर्नु संशोधनवाद हुन जान्छ

मालेमावाद अर्थात् मार्क्सवाद-लेनिनवाद-माओवाद विश्व सर्वहारावर्गको मुक्तिको पथप्रदर्शक सिद्धान्त हो । मालेमावाद विश्व सर्वहारावर्गको मुक्तिको मार्गदर्शक सिद्धान्त हो । आजको युग साम्राज्यवाद र सर्वहारावर्ग बीचको भीषण वर्ग सङ्घर्षको युग हो । यो युगको संश्लेषण विश्वसर्वहारावर्गका महान् नेता तथा लेनिनवादका प्रवर्तक लेनिनले गर्नु भएको हो । आजसम्म आइपुग्दा यो युग विश्व मानव समाजमा कायमै छ । लेनिनकै शब्दमा 'आजको यो साम्राज्यवादी युग भनेको विश्व सर्वहारा क्रान्तिको पूर्व बेला हो । यसलाई परास्त नगरी विश्वक्रान्ति सम्भव छैन ।

सन् १९९० को दशकमा पुगेर रुसी मोडेलको समाजवादको विघटनपश्चात्, चिनियाँ समाजवादमाथि भएको प्रतिक्रान्तिपश्चात् विश्व कम्युनिष्ट आन्दोलन र विश्व समाजवादी शिविर रक्षात्मक स्थितिमा पुग्यो । विश्व साम्राज्यवाद, विशेष गरी अमेरिकी साम्राज्यवाद हाबी भएर आयो । अमेरिकी साम्राज्यवाद एकध्रुवीय महाशक्तिका रूपमा अगाडि बढ्यो । तर आज अमेरिकी साम्राज्यवाद ध्रुवीय महाशक्तिको रूपमा कायम छैन । अहिले बहुध्रुवीय साम्राज्यवादको अवस्था कायम हुन गएको छ । एकातिर अमेरिकी साम्राज्यवाद पनि कायमै छ भने अर्कोतिर चीन, रुस, भारत, ब्राजिल र दक्षिण अफ्रिका समेत संलग्न भएर ब्रिक्स बनेको छ । ब्रिक्सले आफ्नै केन्द्रीय बैंकसमेत निर्माण गरिसकेको छ । यसको मुख्य कार्यालय चीनको राजधानी बेइजिङमा छ र सञ्चालनमा आइरहेको छ । यसले पनि अमेरिकी साम्राज्यवादलाई टक्कर मात्र होइन, चुनौतीसमेत् दिइरहेको छ । यसरी आज विश्वमा बहुध्रुवीय साम्राज्यवाद कायम रहेको छ । साथै, आज विश्व साम्राज्यवाद सङ्कटग्रस्त पनि बन्दै गइरहेको छ ।

यस प्रकारको परिस्थितिमा एकातिर नेपाललगायत अर्धसामन्ती र नवऔपनिवेशिक अवस्था कायमै रहेका विश्वका कैयौं देशहरूमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवाद हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्ने कार्य बाँकी नै छ भने अर्कोतिर पुँजीवाद, एकाधिकारवादी पुँजीवाद र साम्राज्यवादमा पतन हुन पुगेका देशहरूमा समेत वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गरेर वैज्ञानिक साम्यवादसम्म पुग्ने सर्वहारावर्गको कार्यभार बाँकी नै छ ।

यी दुवै प्रकृतिका क्रान्तिहरू- नयाँ जनवादी तथा वैज्ञानिक समाजवादी क्रान्तिका कार्यभार पूरा गर्न सर्वहारा क्रान्तिकारी कम्युनिष्टहरूलाई क्रान्तिकारी मार्गदर्शन सिद्धान्तको आवश्यकता पर्दछ । यसको आवश्यकता मालेमावादले मात्र पूरा गर्ने भएकाले यस लेखमा मार्क्सवाद-लेनिनवाद-माओवाद भनेको के हो ? विश्व सर्वहारावर्गलाई, विश्व श्रमजीवी वर्ग र मुक्तिकामी जनसमुदायलाई मालेमावादको आवश्यकता किन पर्दछ ? यसको रक्षा, प्रयोग र विकास कसरी गर्ने बारेमा यस लेखमा संक्षेपमा प्रकाश पार्ने प्रयत्न गरिएको छ ।

सर्वप्रथम, मालेमावाद अर्थात् मार्क्सवाद-लेनिनवाद-माओवादका बारेमा जानकारी लिन आवश्यक छ । मार्क्सवादले के कस्ता चरणहरू पारेर नयाँ र उच्च चरणमा विकास गरिसकेको छ । र, कसरी आफ्नो विकास र प्रयोगको बाटोबाट अगाडि बढिरहेको छ भन्ने बारेमा जानकारी लिन आवश्यक छ ।

**मार्क्सवाद के हो ?**

सन् १८४८ फेब्रुअरी १२ तारिखका दिन कम्युनिष्ट लिगको तर्फबाट कार्ल मार्क्स (सन् १८१८-१८८३) र फ्रेडरिक एंगेल्स (सन् १८२०-१८९५) ले जुन कम्युनिष्ट घोषणापत्र जारी गर्नु भयो, यो विख्यात कम्युनिष्ट घोषणापत्र नै मार्क्सवादको पहिलो दस्तावेज हो । यो नै विश्व सर्वहारावर्गको मुक्तिको मार्गदर्शक सिद्धान्त, पथप्रदर्शक सिद्धान्त हो । मार्क्सवादको निर्माण दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको समग्रतामा भएको हो । मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । मार्क्सवादी दर्शन सर्वहारावर्गको विश्व दृष्टिकोण हो । मार्क्सवादी दर्शनको फाँटमा यसलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भनिन्छ । यस दर्शनको जन्म दर्शनशास्त्रको इतिहासको लामो प्रक्रियाको बीचबाट भएको हो ।

मार्क्सवादका तीन श्रोत र तीन सङ्घटक अङ्ग रहेका छन्- दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद । मार्क्सवादी दर्शन अर्थात् द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन मानव समाजमा विद्यमान रहेका सबैखाले आदर्शवाद र अधिभूतवादविरुद्ध परिलक्षित रहेको छ । मार्क्सवादी राजनीतिक अर्थशास्त्र श्रमको मूल्य सिद्धान्त र अतिरिक्त मूल्यको सिद्धान्तमा आधारित छ । साथै यसले वस्तुहरूका बीचको सम्बन्धलाई होइन, मानिसहरूका बीचको सम्बन्धलाई आधार मानेर चल्दछ । त्यस्तै मार्क्सवादद्वारा विकसित वैज्ञानिक समाजवाद वर्गसङ्घर्ष, सर्वहारावर्गको अधिनायकत्व र वैज्ञानिक साम्यवादको स्थापनाको समष्टि हो । साथै यसले राज्यसत्ताको क्षेत्रमा सबै खाले प्रतिक्रियावाद र काल्पनिक समाजवादको विरोध गर्दछ । मार्क्सवादको महत्वमाथि प्रकाश पार्दै लेनिन लेख्नुहुन्छ - "मार्क्सवादको शिक्षा सर्वशक्तिमान छ किनकि त्यो सत्य छ । त्यो सम्पूर्ण तथा सामाञ्जस्यपूर्ण छ र त्यसले मानिसलाई एक यस्तो अखण्ड विश्वसङ्कल्प प्रदान गर्दछ, जुन कुनै पनि प्रकारका अन्धविश्वास प्रतिक्रियावादी प्रवृत्ति या पुँजीवादी उत्पीडनको कुनै पनि पक्षपोषणको कट्टर विरोधी छ । १९ औं शताब्दीमा जर्मन दर्शनशास्त्र, अङ्ग्रेजी राजनीतिक अर्थशास्त्र र फ्रान्सिसी समाजवादका रूपमा मानवजातिका जुन सर्वश्रेष्ठ उपलब्धीहरू रहेका छन्, मार्क्सवाद तिनैको विधिसम्मत उत्तराधिकारी हो ।" (भ्ला.ई. लेनिन सङ्कलित रचनाएँ दश खण्डो मे खण्ड-४, पृष्ठ १९४ प्रगति प्रकाशन मस्को १९८२. )

त्यस्तै मार्क्सवादका बारेमा कमरेड माओ अगाडि लेख्नुहुन्छ- "मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवादी दर्शन मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्ग सङ्घर्षको सिद्धान्त, तर जग चाहिँ मार्क्सवादी दर्शन हो । यदि यसलाई मनन गरिदैन भने हाम्रो एउटा साझा भाषा वा कुनै साझा तरिका हुने छैन, हामी चाहिने कुरालाई स्पष्ट नपारिकन यताउताको कुरा उठाई तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन् गरिसकेपछि थुप्रै दुःख कष्टबाट जोगिने छ र धेरै गल्तीहरू हट्नेछन् ।" (माओत्सेतुङ चुनिएका रचनाहरू अङ्ग्रेजी संस्करण भाग ५, पृष्ठ १६०.)

आज मार्क्सवादले मार्क्सवादी चरण, लेनिनवादी चरण र माओवादी चरणमा समेत विकास गरिसकेको छ । अर्थात् मार्क्सवादको मार्क्सवाद-लेनिनवाद-माओवादमा विकास भइसकेको छ । ती चरणहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**मार्क्सवादको विकासको चरण :**

सर्वहारावर्गको मुक्तिको सिद्धान्तको रूपमा रहेको मार्क्सवाद विश्वसर्वहारा क्रान्तिको विज्ञान हो । मार्क्सवादको निर्माण दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीन सङ्घटक तत्वहरूको संश्लेषणबाट भएको छ । यो पुँजीवादको प्रारम्भिक अवस्थामा विकसित भएको हो । मार्क्सवादी दर्शनको सिद्धान्त भौतिकवाद हो । यसले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्दछ । संसारलाई बुझ्न सकिन्छ र यसलाई बदल्न सकिन्छ भन्ने मान्यता राख्दछ । साथै द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसङ्घर्ष तथा इतिहासमा बलप्रयोगको भूमिका र वैज्ञानिक समाजवाद तथा साम्यवाद मार्क्सवादका आधारभूत मान्यता रहेका छन् । ...*बाँकी ७ पेजमा*

## सम्पादकीय

### जिम्मेवार अभिव्यक्ति देऊ गृहमन्त्री !

गृहमन्त्री रामबहादुर थापाले पछिल्लो पटक गैर जिम्मेवारपूर्ण अभिव्यक्तिहरू दिन थालेका छन् । उनका यी अभिव्यक्तिले सरकारप्रति आक्रोश र अविश्वास दुवै जन्माइरहेका छन् । जननिर्वाचित भनिएका जिम्मेवार मन्त्रीहरूबाट नै गैरजिम्मेवारपूर्ण भनाइहरू आउन थालेपछि राजनीतिक पार्टीहरू, वुद्धिजीवी, स्वास्थ्यकर्मी र कर्मचारी संयन्त्र तथा प्रहरी प्रशासन तथा सर्वसाधरण तरंगित हुन थालेका छन् ।

कर्णाली प्रदेशको जुम्लामा डा. गोविन्द के.सी.ले गर्दै आएको अनसन र काठमाडौंका केही ठाउँहरूमा गरिएका विरोध प्रदर्शनहरूलाई लिएर गृहमन्त्री थापाले दम्भपूर्ण अभिव्यक्तिहरू दिएका छन् । ती अभिव्यक्तिहरू गणतान्त्रिक सरकारमा आसीनहरूले दिन सुहाउने अभिव्यक्ति होइनन् । उनले के.सी.को अनसनलाई 'निषेधित क्षेत्रमा गरिएको', 'व्यक्तिगत', 'अधिनायकवादी', 'राजनीतिक' आदि भनेर नामाकरण गरिरहेका छन् । बहुमतको एकमना सरकारको आडमा बोलिएका यस्ता कुराहरूले जनतालाई गहिरो गरी पिरोलिरहेका छन् ।

जनताले द्वन्द्वको लामो एक कालखण्ड गुजारेर आएका छन् । उनीहरूले द्वन्द्वकालमा बनेका कांग्रेसी सरकारका गृहमन्त्रीहरूको हुङ्कार पनि त्यही कानले सुनेका छन् । तात्कालिन गृहमन्त्री जयप्रकाशप्रसाद गुप्ताले 'माओवादी आतङ्ककारी'लाई काटेर 'झोलाभरि टाउका ल्याऊ र त्यही झोलाभरि पैसा लगेर जाऊ' भनी निकै गैरजिम्मेवारपूर्ण अभिव्यक्ति सार्वजनिक गरेका थिए ।

त्यो वास्तवमा हिंसा भड्काउने उद्देश्यका साथ आफ्नै नेपाली भाइबन्धुहरूको कत्ल गर्न राज्यमा आसिन जिम्मेवार गृहमन्त्रीको उर्दी थियो । त्यो भनाइ कांग्रेसको पछिल्लो राजनीतिक कालखण्डमा निकै महङ्गो साबित हुन गएको इतिहास साक्षी छ । आजभोलि बहुमतको नाममा निकै आवेगी र तामसी स्वरूपमा प्रस्तुत हुन थालेका गृहमन्त्री थापाको अभिव्यक्तिले पनि पूर्व गृहमन्त्री गुप्ताको पदचिन्ह पछ्याउँदै अघि बढ्न थालेको हो कि भन्ने आशंकालाई दह्रो बल पुर्‍याएको छ । सर्वसाधरणले यसलाई निकै गम्भीरताका साथ नियालिरहेका छन् ।

देशको एउटा नागरिकको आस्था कता छ, त्यो उसको राजनीतिक तथा वैचारिक स्वतन्त्रताको कुरा हो । यदि ऊ जनपक्षीय र देशहितका एजेण्डाहरू लिएर आमरण अनसन बस्छ भने 'समाजवाद निर्माण' गर्ने धुवाँ फैलाउँदै हिँडेको सरकारको के नोक्सानी हुन जाला र ? यदि यसो हो भने उसलाई सलाम गर्दै सरकारका तर्फबाट उसका ती मागहरू क्षणभरमा नै पूरा गरिनु पर्छ । होइन भने अनसनकर्ता जनपक्षीय र देशप्रेमी हुने र वाम भनिएको सरकार दलाल, माफिया र तस्करहरूको अखडा सिद्ध हुन जाने यो विसंगतिपूर्ण आगतलाई कसरी आँकलन गर्ने ?

अनसनकर्ता जहाँ पायो त्यहीं अनसन बस्न नपाउने नियम लागू हुने हो भने गृहमन्त्रीले जे पायो त्यही बोल्न नपाउने पनि त होला नि ? कि ठूला र पावरवालाहरूले जे गरे पनि हुने नयाँ राजतन्त्रको बिजारोपण हुँदै छ र ? आफ्ना नागरिकलाई समाधानको उपाय वा बाटो सुझाउने, हल गर्नीतिर जाने, सहमतिमा ल्याउने आदि कुरामा कोशिस गर्नु सरकारको दायित्व हुन जाने छ ।

फरक मत र विचार राख्ने वा विरोध जनाउने जो कसैलाई पनि देख्न र सुन्नसम्म नचाहने जुन खाले राज्यको प्रवृत्ति देखा परिरहेको छ, यो फासीवादतिरको उद्दतीकरणको नाङ्गो अभिव्यक्ति हो । जनतासँग रिसाउने, घिनाउने, झन्झट मान्ने, तर्साउने, बदलाभाव राख्ने आदि कुराहरूले सरकारको देश र जनता विरोधी चरित्रलाई सतहमा चित्रित गर्दछ ।

यदि बोल्न र विरोध प्रदर्शन गर्न नै नदिने हो भने ओली सरकारले भारत भ्रमणका क्रममा गरेका १९५० देखि हालसम्मका असमान सन्धिसम्झौताहरूको विरोधमा जनता सडकमा उत्रन निषेध गरिने छ । थप यसो पनि भन्न करै लाग्छ कि देशभर निषेधित क्षेत्रहरूको घोषणा शायद यिनै राष्ट्रघाती र जनविरोधी सन्धिसम्झौता तथा सरकारको जनविरोधी, दलाल तथा माफियाकरणको विरोध हुन नदिने कुरालाई लक्षित गरी गरिएको हुनु पर्छ ।

देशको बजेटको ७० प्रतिशत प्रशासनिक खर्चमा छुट्याएको र बाँकी ३० प्रतिशतमध्ये पनि मात्र २३ प्रतिशत विकास खर्चमा राखिएकाले समृद्धि र विकासका ढाँट कुरा गर्ने यी ढँटुवाहरूका विरुद्धमा जनता सडकमा उत्रने निश्चित नै छ ।

त्यसैले गृहमन्त्रीज्यु, देश विकास र समृद्धि हावाको महलमा हुँदैन । जिम्मेवारपूर्ण अभिव्यक्ति देऊ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com


झर्रोटर्रो कैलुब्राह

## अधिनायकवाद

'अधिनायकवाद' भन्ने शब्द राजनीतिमा प्रयोग हुने दार्शनिक पदावली हो । अहिले यो पदावलीको नयाँ परिभाषाको आविष्कार भएको छ । यस्तो आविष्कार गर्ने दार्शनिक नेपाल मण्डलमा जन्मिएका छन् । यो हामी नेपाली मनुखेहर्का लागि बडा गौरवको कुरो हो । त्यसमा पनि कम्निसहर्का लागि त हुँदै हो । हाम्रो देशाँ पनि नयाँ दार्शनिकको जन्म हुनु कम्ता कुरो हो ? अब हाम्ले दुनियाँका अगाडि धाकधक्कु लाएर हिँड्न पाउने भइम् । हाम्रो राजनीतिमा हाम्रै दर्शनको फलो गर्नु पर्च भन्ने मेरो ठहर छ । बेकारमा सातसमुन्द्र पारीका दार्शनिकहर्लाई हाम्ले किन मानिराख्न पर्‍यो । अहिलेसम्म मार्क्सवादको विकल्पमा नयाँ दर्शन आएकै थिएन । अब त्यो जमाना गयो । मार्क्सवादको विकल्प पनि आयो । त्यो पनि हाम्रै देशाँट ।

यस्तो महान् दार्शनिक हुन् उखाने सरकारका पुलिस मन्तरी । अर्थात् उनलाई उनका हालका दुई नम्बरी अध्यक्षले एक जमानामा 'लिनप्याओवादी' भनेर नाउँ राखिदिएका थिए । ती अध्यक्ष बाहुन परे, उनको कामै न्वारान गर्ने । बाहुनले आफूलाई घटिया नाउँ राख्यो भनेर त्यसको झोँक फेर्न केही समए यिनले पनि आफ्ना सुप्रिमोलाई लात्ताले ब्वाङ्ङ हिर्काएर पाटी छोडे । त्यसपछि यिनले पनि सुप्रिमोलाई लालगद्दार, केकेजाति दलाल भनेर छालै काढेर नाउँ राखे ।

मार्क्स बूढादेखि माओ बूढा र पृथ्वी मण्डलका सबै झर्रा कम्निसहर्ले अधिनायकवाद सत्ताले चलाउने हतियार हो भन्ने गर्चन् । तर अब त्यस्तो रहेन । कम रेड 'लिनप्याओवादी'को परिभाषामा अधिनायकवाद सत्ताले चलाउने हतियार हैन । यो त सत्ता बाइर बसेका रैती मनुखेहर्ले सरकारलाई चलाउने हतियार पो हो । रैतीले चलाएको अधिनायकवाद तोड्न सरकारले पुलिसको डण्डा लगाउँच । अधिनायकवादीहर्लाई झपटेर ल्याउँच र जेलमा कोचेर ठिक पार्च । त्यतिले पनि अधिनायकवादीहर्ले टेरेनन् भने बन्दुक चलाएर ठिक पार्च । यो हो सरकारको अधिनायकवादलाई ठिक पार्ने काइदा ।

एक दिन गफाडीहर्को अखाडा संसदाँ मान्येहर्ले सोधेका प्रश्नको उत्तर दिनेबेला पुलिस मन्तरी कम रेड 'लिनप्याओवादी' ले सरकारले गर्न ला'को काममा भाँजो हालेर अनसन बसिरहने डाक्टर अधिनायकवादी हुन् भनेर घोषणा गरिदिए । त्यस्ता अधिनायकवादीहर्लाई कसरी ठिक पार्ने भन्ने कुरा सरकारले पनि जानेको छ भने । अधिनायकवादीहर्को अधिनायकवाद सहेर टुलुटुलु हेरेर सरकार हातमा दही जमाएर नबस्ने बताए । बास्तबमा उनले सही भनेका हुन् । सरकारले अधिनायकवादीलाई फैलन दिन हुन्न । तिनलाई जतिसक्यो चाँडो ठिक पारिहाल्नु पर्च ।

बास्तबमा अधिनायकवादी सरकार हुँदो रैनच । आजसम्म हामी कम्निस भ्रममा परेका रैचम् । गरिवगुरुवाका लालावालाले पनि सजिलै डाक्टर पढ्न पाउने व्यवस्था सरकारले बनाउन पर्च, गरिवगुरुवाले सजिलै र सस्तैमा उपचार गर्न पाउन पर्च, देशैभरी सरकारले डाक्टर गाउँगाउँमा पठाएर अस्पताल खोल्न पर्च, दलालहर्ले मनपरी पैसा लिएर डाक्टर पढाउने व्यवस्था खारेज गर्न पर्च भनेर आन्दोलन गर्ने र सरकारका विरुद्ध दागा धरेर अनसन बस्ने डाक्टर बास्तबमा घोर अधिनायकवादी हुन् । सरकारले जुलुस लाउन बन्द गरेर निषेधाज्ञा जारी गरेका ठाउँमा जुलुस लाउन पाउन पर्च भनेर आन्दोलन गर्ने पनि अधिनायकवादी नै हुन् । घर बसीबसी भत्ता खान खोज्ने बूढाबूढी पनि अधिनायकवादी, रोजगारी चाहियो भनेर आवाज उठाउने बेरोजगारहरू अधिनायकवादी, महङ्गीको विरोध गर्ने जनता पनि अधिनायकवादी हुन् । औषधी उपचार नपाएर मर्ने गरीबहरू, खान नपाएर मर्ने सुत्केरीहरू सबै अधिनायकवादी हुन् । तस्कर डनहर्को विरोध गर्नेहरू पनि अधिनायकवादी । असारे विकास गर्ने ठेकेदारहर्को विरोध गर्ने पनि अधिनायकवादी, कोशीले डुवेर मर्ने तराईका रैतीजनहरू पनि अधिनायकवादी, भूकम्पले भत्काइदिएर घरबार विहिन भएकाहरू पनि अधिनायकवादी, पहिरोले पुरिएका गरीबगुरुवाहरू पनि अधिनायकवादी हुन् । रेल गुडाउने र पानीजाँ'ज कुदाएर समृद्ध देश बनाउँचु भन्दा हावादारी गफ भनेर उडाउनेहरू पनि अधिनायकवादी । अपर कर्णाली, अरुण तेस्रो विदेशीलाई बेचेकोमा विरोध गर्नेहरू पनि घोर अधिनायकवादी हुन् । यी सबै तहतहका अधिनायकवादीहर्लाई ठाउँका ठाउँ पकडेर जेलमा कोचेर ठिक पार्न पर्च । नत्र यिनले देश समृद्ध गराउन पनि दिन्नन् सुखी नेपाली बन्न पनि दिन्नन् ।

*२३ असार २०७५*

*kailubraha73@gmail.com*

# उत्तरगंगा जलाशययुक्त जलविद्युत आयोजना एशियाको सबैभन्दा ठूलो आयोजना हो

## • निलबहादुर पुन, सचिवालय सदस्य- देजमो, नेपाल

***के हुँदैछ उत्तरगङ्गा जलाशययुक्त जलविद्युत आयोजनामा अहिले ?***

यो बाग्लुङ जिल्लाको साबिकको बोबाङ गाबिस र निसी गाबिसको बीचमा बग्ने नदी उत्तर गङ्गालाई थुनेर बनाइने जलाशययुक्त जलविद्युत आयोजना हो। यसलाई करिब २०० मिटरको उचाइमा उठाएर ड्याम बनाइने छ।

त्यो जलशयबाट निसी खोलामा टनेल मार्फत् जम्मा गरिएको पानी खसालिने छ। यसबाट ८०० मेगावाट विद्युत उत्पादन गरिने छ। यो नेपालको सबैभन्दा ठूलो प्रोजेक्ट हो । यो विश्वमा दोस्रो र एशियामा पहिलो ठूलो जलविद्युत आयोजना हो ।

यो २०३८ सालदेखि चर्चामा आएको हो । यसलाई बनाउने भनेर २०६९ सालदेखि मात्र जनस्तरमा लगिएको छ । स्थानीय जनता माझमा छलफल चलाउने, बहसलाई लैजाने र आपसी हित तथा सहकार्यलाई प्रस्ट पार्ने कामलाई अघि बढाइएको छ ।

स्थानीय जनताको नामावली संकलन गर्ने, प्रभावित गाउँ र जनताको एकिन गर्ने, क्षतिपूर्ति आदि कुरा गरेकाले यो निर्माणको दिशातिर अघि बढेको आभाष हुन्छ । स्थानीय जनता निकै आशावादी छन् र यससँग सम्बन्धित कामहरूमा सहभागी भइरहेका छन् । ।

तर यो आयोजनालाई पूर्व उर्जामन्त्री जनार्दन शर्माले बिद्युत विकासका डाइरेक्टर कुलमान घिसिङलाई प्रभावमा पारेर, दबाब दिएर रोक्न कोशिस गरिरहेका छन् । उनले उक्त आयोजना अघि नबढाउनू भन्ने आदेश दिएको प्रमाण पनि भेटिएको छ ।

यो विषयमा धेरै ठाउँहरूमा अन्तर क्रियाहरू भए। राजधानी काठमाडौंमा पनि भए । हामी स्थानीयले पनि यसबारेमा प्रस्ट पारिसकेका छौं । सञ्चारमाध्यमहरूले पनि यसलाई सार्वजनिक बहसका रूपमा लगिसकेका छन्। तथापि यो जलविद्युत आयोजना अहिले अबरुद्ध अवस्थामा छ।

***भौगर्भिक संभाव्यताका हिसाबले यो सम्भव छ ?***

भूगोल निकै अनुकूल रहेको छ। फिजिबिलिटीको अध्ययन पनि पूरा भइसकेको छ। विषय विशेषज्ञ, स्थानीय जनता तथा राजनीतिक नेताहरूले पनि सोको सम्भाव्यताको अध्ययन गरिसकेका छन् । त्यहाँ सुरुङ खन्ने भनिएको ठाउँको पनि अध्ययन दोहर्‍याई-तेहर्‍याई भइसकेको छ। स्वाइल टेस्ट गर्ने काम पनि भइराखेको छ ।

आश्चर्यको कुरा त के पनि भइरहेको छ भने पूर्व उर्जामन्त्री जनार्दन शर्माको निर्देशनमा स्वाइल टेस्ट गर्ने मेसिन काठमाडौंमा फिर्ता लिइएको छ। भूगोल निकै सहज, अनुकूल र सम्भाव्य पनि छ।

***उत्तरगङ्गा नदी निसी खोलामा खसाल्दा के प्राकृतिक प्रवाह रोकिन्छ र ?***

यो जलाशयले नदीको प्राकृतिक प्रवाह रोक्न पनि रोक्दैन। यसको टोटल हेड १३६५ मिटरबाट ड्रपिङहुँदै छ । पावरहाउस अन्डरग्राउण्ड हुन्छ । पावर हाउस दुईवटा बन्दछन्। पानी बहदा र पानी खसाल्दा कहीं कतै पनि जनतालाई असर गर्दैन । कतै कटानी गर्ने वा हुने भएमा त्यसका बारेमा रोकथामको संभावित उपाय पहिल्यै गरिने भएको छ ।

उत्तर गङ्गा जलाशययुक्त जलविद्युत आयोजना निसीमा खस्दा ८०० मेगावाट विद्युत उत्पादन गर्छ। त्यस पछि जुग्जा खोलामा पुग्दा १२७ मेगावाट विद्युत उत्पादन गर्छ । बुर्तिवाङको नजिकै १४३ मेगावाट र भीमगिट्ठेमा पुग्दा ७२ मेगावाट विद्युत उत्पादन गर्छ। यसले गुल्मीको बोटेगाउँ मजुवामा पुग्दा ४०० मेगावाट विद्युत उतपादन गर्छ । ११०० मिटरको सुरुङबाट कलीगण्डकीमा मिसाउँद १६०० मेगावाट भन्दा बढी जनविद्युत उत्पादन गर्दछ । यसरी ठाउँठाउँमा खसाल्दा कुनै पनि भूगोल, भौगोलिक बनावट र प्राकृतिक पानीको प्रवाहलाई असर गर्दैन ।

***जलाशय बनाउँदा डुबानमा पर्ने र पहिरो जाने जोखिम कति छ ?***

त्यो जोखिम छैन। भए पनि एकदमै न्युन छ। जोखिम भनेको डुबानमा पर्ने हो । जलाशय बनाउँदा त्यहाँको पुरानो एयरपोर्टको तल्लोभाग डुबानमा पर्छ। यसका लागि उचित क्षतिपूर्तिको व्यवस्था पनि गरिएको छ। यो डुबान भनेको असार, साउन र भदौको पानीले गराउने हो। जम्मा गरिएको पानीले पूरै १२ महिनासम्म विद्युत निकाल्ने हो ।

त्यहाँ रहेका निसी, बोबाङ र अधिकारीचौरमा बसोबास गरेका जनता निकै गरीब छन्। विपन्न वर्गका नै छन्। ती बढी दलित, जनजाति नै रहेका छन् । तिनको कम उब्जाउहुने जमिन र ५०० जति कच्ची घरधुरी डुबानमा पर्छ। यसका लागि उचित मुआब्जा दिने कुरा पनि नेपाल सरकारको तर्फकाट भएसकेको छ। स्थानीय जनता राजी छन्, खुशी छन्।

***स्थानीय जनताको भनाइ के छ ?***

स्थानीय जनता खुशीछन् । यो आयोजना त्यहाँका जनताका लागि सप नाको आयोजना हो । यसले त्यहाँका विपन्न तथा गरीब जनतामा हर्षका दिनहरू ल्याउने छ । जनताले कुरा बुझिसकेका छन् । उनीहरू जलाशययुक्त जलविद्युत योजना सफल भएपछिका दिनहरू परिकल्पना गर्दै कुरिरहेका छन् ।

त्यहाँ रहेका केही मानिसहरू यो आयोजनका विरुद्धमा पनि लागेको पाइएको छ । उनीहरू अरु कसैबाट उचालिएका र व्यक्तिगत स्वार्थका लागि जे पनि गर्न तयार रहेकाहरू हुन् । उनीहरूलाई स्थानीय जनताले जल माफियाका रूपमा चिन्छन् । उनीहरू झोलामा खोला हालेर हिंड्ने माफियाहरूमध्येका हुन् ।

पछिल्लो चरणमा आएर त्यहाँका केही मुट्ठीभर जलमाफिया र फटाहहरू यो आयोजनाको विरुद्धमा देखा परेको भनेर स्थानीय जनताले भन्न थालेका छन्। यी मानिसहरू पूर्व उर्जामन्त्री जनार्दन शर्माले उचालेको भनी पुष्टि पनि हुन आएको छ। ती मानिसहरू स्थानीय जनताको खोजीमा पनि परेका छन् । गाउँमा स्थानीय जनता आफैले यो कुरालाई एकापसमा शेयर गर्ने गरेका छन् ।

***स्थानीय जनताको अग्राधिकारको बारेमा स्थानीय जनतामा कत्तिको बोध छ ?***

विश्वमा आदिवासी जनजातिहरूको जल, जमीन, जंगल, जडीबुटी आदिमा अग्राधिकार रहने व्यवस्था रहेको छ। स्थानीय जनतामा यसको ज्ञान छ पनि । तथापि हामीहरूले सचेततापूर्वक गाउँभित्र र गाउँ बाहिरकाट गरिने



चलखेललाई चिर्न र स्थानीय जनतामा छरिएका भ्रम साफ पार्न अन्तरक्रिया, भेटघाट र छलफल चलाइरहेका छौं ।

हामीले स्थानीय जनताले पाउने सेवासुविधा, लगानीमा हुनसक्ने शेयर, विद्युत आयोजना निर्माण गर्दा प्रयोग हुने स्थानीय जनश्रम, त्यसपछि यसको सुरक्षा र सम्वर्द्धनमा सहभागिता, स्थानीय प्रविधि र विज्ञहरूको सहभागिता तथा अन्य थप आवश्यक सरसहयोगका बारेमा कुरा पनि गरिरहेका छौं ।

अहिले सम्मको जानकारीमा आएअनुसार बाग्लुङवासीलाई १० प्रतिशत शेयर वितरण गरिने पनि भनिएको छ । त्यस अतिरिक्त देशभरका जनताका शेयरका लागि २० प्रतिशत दिने पनि भनिएको छ । दलित तथा जनजातिलगायतका विपन्न वर्गका जनतालाई त्यसमा अग्राधिकारको माग रहने छ ।

***उत्तरगङ्गा नदीको प्राकृतिक प्रवाह डाइभर्सनले प्रकृतिमा कत्तिको प्रभाव पार्दछ ?***

प्राकृतिक प्रवाहमा यसले असर पार्दैन। उत्तर गङ्गामात्र एउटा नदी होइन जो सानी भेरिको मूल होस्। यसका धेरै सहायक नदीहरू छन्।

अर्को कुरा उत्तरगङ्गामा बनाइने जलाशयबाट पानी नियमित रूपमा प्राकृतिक प्रवाह भएको खोलातिर छाडिने छ । यसमा पानीको अभाव हुने पनि छैन ।

मुख्य कुरा त के हो भने उत्तरगङ्गा एउटा शाखाको रूपमा रहेको सानीभेरीमा जनार्दन शर्माको सानाठूला गरी व्यक्तिगत रूपमा दर्ता भइआएका पाँचवटा जलविद्युत आयोजनाहरू छन् । जनार्दन शर्माको आशय के हो भने उत्तरगङ्गा विद्युत परियोजना कार्यान्वयन गर्दा सानीभेरीमा बनाइएका आफ्ना व्यक्तिगत आयोजनाहरूमा पानीको कमी हुन्छ कि भन्ने हो। त्यसैलाई समातेर उहाँले एक प्रकारको बाग्लुङविरोधी अफवाह फैलाउनु भएको छ। यो जनार्दन शर्माले जानाजान गरेको कार्य हो ।

विजुली निकाल्दा पो बाग्लुङमा भयो, निकालिएको विजुली त देशभर पुर्‍याइएला। यसको लाभ रुकुम रोल्पाले पनि त शेयर गर्न पाउला नि त। यो विद्युत जलाशय वर्षायाममा जम्मा गरेको पानीबाट बनाइने हुँदा सानी भेरी नदीमा पानीको कमी कसरी हुन जान्छ ? त्यहाँ साउन, भदौ, असोज गरी तीन महिनाको पानी जम्मा गरिन्छ।

***सानीभेरीको मुहान एउटै उत्तरगङ्गा मात्र मात्र हो र ?***

होइन, सानी भेरीका मुहानहरू प्रशस्तै छन्। चारैतिर छन्। ससानाखेलाहरू मिलेर नै सानी भेरी बनेको छ। बरु उत्तरगंगा जलाशयमा जम्मा गरिएको बढी भएको पानी छोडिदा सानी भेरीमा पानीको प्रवाह बढ्न जाने छ।

यी कुराहरू प्रस्ट पार्दै हामीहरूले सञ्चारमाध्यमहरूमा पनि ल्याएका छौं। सञ्चार माध्यमहरूमा आएपछि जनार्दन शर्माले खण्डन पनि गर्नु भएको छैन र छलफलका लागि बोलाउनु पनि भएको छैन। हामीले सबैलाई यसबारेमा प्रस्ट पारेका छौं। जनतालाई सचेत पनि बनाइरहेका छौं।

***अरु थप केही कुरा भएमा भनिदिनोस् न।***

यो आयोजनाको बारेमा २०३८ सालदेखि अध्ययन र अनुसन्धान भएरहेको हो । जाइकका नाम गरेको संस्थाले हाइड्रोलोजी, मेट्रोलोजी, जियोफिजिओलोजी आदिको बारेमा अध्ययन गरिसकेको छ । त्यसपछि २०६१/११ /२१ मा नेपाल विद्युत प्राधिकरणको नाममा तात्कालिन जलस्रोत मन्त्रालयले यसको दर्ता नम्बर ०६१६२ राखेर अध्ययन अनुसन्धान पनि गरेको छ। विद्युत उर्जा समितिले विद्युत उत्पादनका लागि यसको फिजिबिलिटीको सर्भे पनि गरेको छ।

यसलाई नेपाल विद्युत प्राधिकरणलाई बुझाइएको छैन। तात्कालिन उर्जा मन्त्रालय र विद्युत विकासले यसलाई लुकाएर राखेको छ। लुकाएर राखे पनि सो लाइसेन्स स्थानीय जनताको दबाबमा सरकारले दिएको छ र त्यसलाई सार्वजनिक पनि गरिएको छ।

हाल उक्त क्षेत्रमा रहेको माटो परीक्षण यन्त्र जनार्दन शर्माको ठाडो आदेशमा काठमाडौं फिर्ता गरिएको छ। उहाँको कुरा सञ्चार माध्यमले पनि सार्वजनिक गरिसकेको छ।

२०७० सालमा तात्कालिन सरकारले यसलाई छिटो सम्पन्न गर्ने गरी अनुसन्धान गर भनी तोक आदेश पनि दिइसकेको छ।

# संगठनलाई 'सडक बाघ'को रूपमा स्थापित गर्दैछौं

## ❑सेवन्तराज भण्डारी, अध्यक्ष अखिल (क्रान्तिकारी)

*शिक्षा राज्यको दायित्व हो । राज्यले संविधानमा त्यसको उल्लेख पनि गरेको छ । तर व्यवहारमा त्यसको ठीक उल्टो गरिराखेको छ । शिक्षामा भएको निजीकरण र व्यापारीकरणको अन्त्यका लागि एकातिर सामुदायिक तथा सरकारी स्कूलहरूको स्तरोन्नति गर्नुपर्ने देखिन्छ*



***सडकमा उठ्दै गरेको क्रान्तिकारी विद्यार्थी आन्दोलन फेरि सम्झौतामा टुंगिएको हो ?***

सडकमा उठ्दै गरेको विद्यार्थी आन्दोलन एउटा सहमतिमा पुगेर स्थगित भएको मात्र हो, टुंगिएको भन्न मिल्दैन । हामीले उठाएका मागअनुरूप सहमति भएको छ । सहमतिको कार्यान्वयनको पक्ष हामीले हेरिरहेका छौं। सहमति कार्यान्वयन भएन भने हामी पुनः आन्दोलनमा जाने छौं ।

***खासमा भएका सहमतिहरू के के हुन् ?***

वृद्धि गरिएको शुल्क अभिभावकको सहमतिमा एक महिनाभित्र फिर्ता वा समायोजन गर्ने, मापदण्ड नपुगेका विदेशी शैक्षिक संस्था अनुसन्धान गर्ने र तत्काल कारवाहीको दायरामा ल्याउने, भौतिक पूर्वाधार लगायत निजी विद्यालयहरूले गरिरहेका गतिविधिहरूको निरीक्षण विद्यार्थी संगठनहरूका प्रतिनिधिसहित गर्ने र सहमति र मापदण्डविपरीत कार्य गरेका निजी शैक्षिक संस्थालाई तत्कालै कारवाहीको दायरामा ल्याउने लगायतका सहमति भएका छन् । यो आन्दोलनको ठूलै उपलब्धि हो ।

***यी सहमति कार्यान्वयनका लागि राज्य पक्षबाट ठोस पहल भएको पाउनु भएको छ ?***

सहमति भएको हप्तादिन मात्र भएको छ । विद्यार्थी संगठनका प्रतिनिधि सहितको अनुगमन समितिको बैठक बसेर अनुगमन थालिने कुरा भएको छ। बैठक चाँडै बस्दै छ । हामीले राज्यलाई एक महिनाको सायावधि दिएका छौं । त्यसपछिको कदम चाल्न हामी स्वतन्त्र छौं ।

***विद्यार्थी आन्दोलन सुधारात्मकबाट आमूल परिवर्तनको दिशातर्फ अगाडि बढ्ने सम्भावना कस्तो छ ?***

विद्यार्थी संगठनहरूले अहिलेको स्थितिमा आमूल परिवर्तनकारी आन्दोलन उठान गर्न सक्ने अवस्था छैन। अहिलेको हकमा पार्टी आन्दोलनलाई सहयोग गर्ने, जनशक्ति पूर्ति गर्ने हो । अहिलेको आन्दोलन भनेको सुधारात्मक आन्दोलन नै हो। जनवादी शिक्षा अर्थात् शिक्षा क्षेत्रको आमूल परिवर्तन राज्य व्यवस्थाको परिवर्तनसँग जोडिएको विषय हो । जनवादी शिक्षाको लागि जनवादी राज्य व्यवस्था अनिवार्य छ ।

***अहिले विद्यार्थी आन्दोलनमा के कस्ता समस्याहरू विद्यमान छन् ?***

आम विद्यार्थी आन्दोलनलाई हेर्ने हो भने सत्तामुखी चरित्र नै मुख्य समस्याको रूपमा देखिएको छ। हाम्रा संगठनभित्र हेर्ने हो भने केही निष्क्रियता देखिन्छ। क्रान्तिले धक्का खाएपछि केही निराशाले पनि धेरथोर मात्रामा डेरा जमाउन पुगेको छ।

***संयुक्त आन्दोलनभित्र चाहिँ के कस्ता प्रवृत्तिहरू देखिएका छन् ?***

हामीले संयुक्त आन्दोलन अगाडि बढाउँदै गर्दा धेरैखाले प्रवृत्तिहरू उजागर भएका छन् । तिनी अस्वभाविक पनि होइनन्। त्यहाँभित्र पनि केही सत्ता पक्षीय चरित्र देखा परेका छन्। आफ्नो अस्तित्व जोगाउनका निम्ति पनि आन्दोलनमा उपस्थित हुने, चाँडोचाँडो सहमति गरेर आन्दोलन टुंगाउने प्रवृत्ति पनि देखिन्छन्। तर पनि मूल रूपमा यो आन्दोलन देशभक्त तथा क्रान्तिकारी विद्यार्थी आन्दोलन नै हो । यसको रक्षा र विकास गर्नु हाम्रो दायित्व हो ।

***विद्यार्थी नेताहरू शैक्षिक माफियाहरूको प्रभाव र प्रलोभनमा पर्ने र आन्दोलन विघटित हुने गरेको आरोप पनि विद्यार्थी आन्दोलनलाई लाग्दै आएको छ नि ?***

यो प्रवृत्ति र समस्या विद्यार्थी आन्दोलनमा अहिले पनि विद्यमान छ । र, ज्यादै डरलाग्दो रूपमा यो देखिएको छ । तर हाम्रो संगठन धेरै हदसम्म यो प्रवृत्ति र समस्याबाट अछुतो छ। हामीले सकेसम्म यो प्रवृत्तिलाई संगठनमा आउन दिएका छैनौं । सतप्रतिशत ग्यारेन्टी त दिन सक्दैनौं । तुलानात्मक रूपमा अन्य संगठनभन्दा हामी स्वच्छ छौं । शैक्षिक माफियाहरूसँगको मिलेमतोमा आन्दोलन तुहाउने काम हामीले गरेका छैनौं । हालै भएको सहमति पनि त्यसको उदाहरण हो ।

***तपाईहरूले गर्दै गरेको आन्दोलनले आमविद्यार्थी र अभिभावक वर्गमा कस्तो प्रभाव परेको पाउनु भएको छ ?***

विश्व विद्यालय स्तरमा भन्दापनि विद्यालय स्तरमा अध्ययनरत विद्यार्थी र अभिभावकमा यो आन्दोलनको सकरात्मक प्रभाव परेको अनुभूति गर्न सहमतिको कार्यान्वयन हुन जरुरी छ। सहमति कार्यान्वय भएको खण्डमा विद्यार्थी र अभिभावकलाई राहत दिलाउँछ र निजी शैक्षिक संस्थालाई जिम्मेवार बनाउँछ।

***नेपालमा उत्पादित शैक्षिक जनशक्तिमा राष्ट्रियताप्रतिको आवश्यकता र महत्वबोध कमजोर देखिनुमा जिम्मेवार पाठ्यक्रम हो कि राज्य ?***

त्यस्तो जनशक्ति उत्पादन हुनुमा पाठ्यक्रमको दोष देखिएपनि यसका लागि मुख्यतः राज्य नै जिम्मेवार छ। राज्य सत्ता यति कमजोर र लाचार देखिन्छ कि उसले विदेशीहरूसँग घुँडा टेक्दै आएको छ। विदेशी पाठ्यक्रम पढाउन अनुमति दिनु र विद्यालय तहदेखि नै विदेशमा पढ्नु लगायतले पनि उत्पादित जनशक्तिमा राष्ट्र र राष्ट्रियताप्रतिको जिम्मेवारी बोध कम देखिन्छ । मुख्य दोष शिक्षा नीतिमै छ। त्यसैले शिक्षा नीति परिवर्तन हुनु जरुरी छ।

***तपाईहरूले लामो समयदेखि शिक्षामा निजीकरण तथा व्यापारीकरणको विरोध गर्दै आउनु भएको छ। निजीकरणको अन्त्य कसरी गर्न सकिन्छ ?***

शिक्षा राज्यको दायित्व हो । राज्यले संविधानमा त्यसको उल्लेख पनि गरेको छ । तर व्यवहारमा त्यसको ठीक उल्टो गरिराखेको छ । शिक्षामा भएको निजीकरण र व्यापारीकरणको अन्त्यका लागि एकातिर सामुदायिक तथा सरकारी स्कूलहरूको स्तरोन्नति गर्नुपर्ने देखिन्छ भने अर्कोतिर निजी शैक्षिक संस्थाहरूलाई खारेज गर्ने राज्यले नीति निर्माण गर्नु पर्दछ। राज्य शिक्षाको दायित्वबाट पन्छिन पाउँदैन ।

***यही परिस्थितिको बिचमा तपाईहरू केन्द्रीय समितिको बैठक बस्दै हुनुहुन्छ । के कस्ता निर्णयहरू लिदैं हुनुहुन्छ ?***

हामीले एकल र संयुक्त रूपमा संघर्षको कार्यक्रम अगाडि बढाउने सोचिरहेका छौं । संयुक्त आन्दोलनमा नसमेटिएका मुद्दाहरूलाई उठाएर एकल आन्दोलनका कार्यक्रमहरूको घोषणा गर्ने सोचेका छौं । अगामी आन्दोलनको कार्यभार पूरा गर्न सक्ने जुझारु 'सडक बाघ' संगठनको रूपमा अखिल क्रान्तिकारीलाई स्थापित गर्ने गरी नयाँ नेतृत्वलाई स्थापित गर्दै जाने उद्देश्य राखी भदौमा विशेष राष्ट्रिय भेला आयोजना गर्दै छौं । त्यो सम्बन्धी निर्णय पनि यहीं केन्द्रीय समितिबाट गर्दैछौं । हाम्रो संगठनको इतिहासमा यो बैठक कोशेढुंगा साबित हुनेछ ।

## लिपुलेकको कुरा नउठाएकोमा चीनलाई सकस:

# लिपुलेकको बारेमा किन 'चुँ' सम्म बोलेनन् प्रम ओली ?

काठमाडौं । चीन भ्रमणपछि प्रम ओली प्रोटोकलमा हस्ताक्षर नै नगरी स्वदेश फर्किएका थिए । उनले केही दिनसम्म भ्रमणको नकै लम्बाचौडा भाषण पनि गरे । तर प्रोटोकल हस्ताक्षरका कुराले उनको मणि नै मारिदियो । उनी हाल अलि मुर्झाएको अवस्थामा छन् ।

प्रोटोकलमा हस्ताक्षर गर्न ओलीलाई भारतको सहमति चाहिएको सामान्य मानिसले पनि सजिलै थाह पाउँछ । ओली अहिले सार्वभौम देशका प्रमका रूपमा भन्दा पनि मोदीको छायाँका रूपमा चीन भ्रमणमा निस्किएका थिए । ओली चीन भ्रमण जानुपूर्व नेपालको विषयलाई लिएर चीन र भारतका बीचमा भएको सहमति र सम्झौताबारे निकै अनभिज्ञ थिए । उनी भारतको रेल, तेल र स्टिमरको एकोहोरो तमासे व्याख्या गर्न व्यस्त थिए ।


तर जब उनी चीन पुगे, उनले थाह पाए कि कुरा बुझि नसक्नुको छ । उनले देशको समस्या, आपसी मित्रता, देशको माटो र परस्पर सहयोगका कुरा राख्नु भन्दा पनि चीन र भारतको आपसी हितमा नेपालको हित छ भनेर फर्किए । देशभित्रका स्वाभिमान नेपाली जनताका अघि गर्जने, झम्टने र उखान टुक्का जोड्ने ओली त्यहाँ के गरेका थिए ?

अहिले ढिला गरेर भए पनि वाणिज्य सचिवको नेतृत्वमा प्रोटोकल तयार गर्न एक टोली चीन पठाउँदै छन् । प्रम ओलीको यो हाँसोको जात्रा पहिलो चरणमा टुंगो पनि लाग्ने छैन । किनकि राज्यका प्रमुखहरूका बीचमा मुखामुख आमनेसामने कुरा नभएर कर्मचारीले मात्र कसरी प्रोटोकल तयारीको जिम्मा लिन सक्लान् ?

चीनबाट स्वदेश फर्किए लगत्तै प्रधानमन्त्री केपी शर्मा ओलीलाई निल्नु न ओकल्नु भएको एउटै प्रश्न छ- 'लिपुलेकका बारेमा चीन भ्रमणमा किन कुरा उठाइएन ?' सीमा अतिक्रमणसँग सम्बन्धित यो प्रश्न यसपालाको प्रमको भ्रमणमा उठ्नै पर्ने विषय थियो । किनकि लिपुलेक अतिक्रमण गरिएपछिको चीनमा भएको नेपालको तर्फबाट यो नै पहिलो राज्यस्तरीय भ्रमण थियो। नेपालको सार्वभौम क्षेत्र सुदुर पश्चिममा रहेको लिपुलेक भारत र चीन दुवैले एक व्यापारिक मार्गका रूपमा हडपेर नेपाललाई नसोधी द्वीपक्षीय सम्झौता गरेका छन् ।

भारत र चीन जस्ता दुई ठूला छिमेकी देशहरूद्वारा गरिएको नेपालको सार्वभौमसत्ता अतिक्रमण कम महत्वको विषय थिएन र छैन पनि । तर केपी ओलीले यसका बारेमा चीनसँग 'चुँ'सम्म पनि बोलेनन् । बरु नेपालीहरूले 'आफ्नो माटोको बारेमा के कुरा भयो ?' भनी सोध्दा उनी उल्टै ओंठमुख सुकाउँदै बसेका छन् ।

उनले सदनमा दिने जवाफमा पनि उनको कसरत रहन्छ कि यी प्रश्नकर्ताहरूलाई कसरी मुख बुझो लगाऊँ ।



उनी बडो नरम र धैर्य भए झैं गरी बोल्छन् । जवाफ उनले सिधा दिदैनन् । खाली अमूर्त र घुमाउरो अनि भोलाभाला मात्र । 'नेपाली सीमा सुरक्षित हुनुपर्छ, कुनै पनि बहानामा भूमिको लेनदेन कसैसँग पनि हुनु हुँदैन, हामीले देशलाई माया गर्छौं, हाम्रो पुस्ताले देश र सीमाको रक्षा गर्न नसक्ने होइन, आदिआदि ।' यी जवाफहरूबाट सीमा अतिक्रमण हल गर्ने कुराभन्दा पनि ओलीले सीमाका बारेमा के कस्ता परिभाषा र मान्यताहरू पढ्दा र जानकारी राख्दा रहेछन् भन्ने सहजै आँकलन गर्न सकिन्छ । उनलाई आफू सत्तामा भएको वा प्रतिपक्षमा भएको हेक्का पनि छैन ।

उनको हरेक पटकको दाबा छ-, 'वर्तमान सरकारले केही पनि बिग्रन दिएको छैन ।' उनको भनाइमा हीनताबोध छ । उनको आँट र हुती केही पनि देखिदैन । विगतमा राष्ट्रघाती भनेको नेपाली कांग्रेसले सीमा अतिक्रमण भएको कुरा उठाउँछ । हुनसक्छ, उसले केपीको सरकारलाई अप्ठेरो पारौं भनी यो प्रश्न सोधेको । तर सधैं राष्ट्रवादी भएको ठाँट पारेर जनताका बीचमा गई व्याज खाएको केपी सरकार किन बोलेका छैन ? किन जिभ्रो खसेको छ ?

उता चीनलाई लिपुलेकको कुराले पनि सकसमै पारेको छ । अन्तर्राष्ट्रिय रूपमा अति महाशक्तिका रूपमा उदाइरहेको चीनका लागि नेपालको अलिकति जमिन मिचिएको ख्याल नगर्दा अन्तर्राष्ट्रिय बेइज्जती भइरहेको छ । भारतको कारणले उसले यो गल्तीमा फस्नु परको उसलाई पछि मात्र आएर थाह हुन गएको छ । फेसबुक वालहरू, वेभसाइट पत्रिकाहरू, डिजिटल प्रविधिहरूले विश्वभर चीनले नेपालको भूमि लिपुलेक हडपेको कुरा छ्यापछ्याप्ती पुर्‍याएका छन् ।

यसले गर्दा अन्तर्राष्ट्रिय सम्मान र उचाइमा चीनको कद होच्याउँदै लगेको छ । तर समस्या कहाँनेर परेको छ भने नेपालका हर्ताकर्ता र राज्यका प्रमुखहरू लिपुलेक नेपालको हो भनी बोल्न समेत् सकेका छैनन् । सम्बन्धित पक्षले आफ्नो सार्वभौम माटोको दावा गर्न नसक्नु आफैमा दलाली र लाचारीपन बाहेक केही पनि हुन सक्दैन ।

नेपाली जनताका बीचमा चीनप्रति बन्दै गएको नकारात्मक मनोविज्ञान स्वयम् चीनलाई पनि राम्रो लागेको छैन । चीन जोडदार रूपमा कुरा उठाइएमा भारतसित भएको लिपुलेक सहमति र सम्झौता क्यान्सिल गर्ने पक्षमा रहेको सहजै अनुमान गर्न सकिन्छ । तर यसको समाधानका लागि मुख्य समस्या भनेको नेपालमा रहेका भारतपरस्त दलाल शासकहरूको हीनताबोधी मानसिकता र दलाली र चाकरी हो । जो, राष्ट्रघात र जनघातका रूपमा नेपालमा विद्यमान रहँदै आएको छ ।

स्मरण रहोस् भारत भ्रमणका क्रममा उनले सीमाका कुरा नै उठाएका थिएनन् । बरु सन् १९५० लगायतका असमान सन्धिसम्झौता र सहमतिको विना कुनै पुनरावलोकन पूरै कार्यान्वयन गर्ने वाचा गरी स्वदेश फिरेका थिए ।

## अर्घखाँचीको मालारानी गापामा देजमो निर्माण

अर्घाखाँची । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको एक भेलाले मोर्चाको अर्घखाँचीको मालारानी गाउँपालिकास्तरीय कमिटी निर्माण गरेको छ । शनिबार सम्पन्न भेलाले शेरबहादुर पुनको संयोजकत्वमा उक्त कमिटी निर्माण गरेको हो । कमिटिको सचिवमा ओमबहादुर घम रहेका छन् भने सदस्यहरूमा देव घम, टोपबहादुर नगरकोटी लगायतका रहेका छन् । भेलाले नमबहादुर घम संयोजक र अशोक थापा, धनबहादुर नगरकोटी र पूर्णबहादुर पुन सदस्य रहेको सल्लाहकार समिति पनि निर्माण गरेको छ ।

शनिबारै सम्पन्न एक भेलाले मालारानी गा.पा. वडा नं.-६ मा देजमोको वडा कमिटी गठन गरेको छ । देबबहादुर घम संयोजक र ओमबहादुर घमलाई सचिवमा चयन गर्दै भेलाले सदस्यहरूमा धनबहादुर नगरकोटी, दिलिप घम, पूर्णबहादुर पुन, उमा गुरुङ, आमेकुमारी घम, दिलबहादुर घम, दिपेन्द्र सुनार, मनोज थापा क्षेत्री लगायतलाई चयन गरेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) का कार्यवाहक सचिव तथा मोर्चाका ५ नं. प्रदेश संयोजक केबी गुरुङको प्रमुख आतिथ्यता गरिएको उक्त भेलामा पार्टीका जिल्ला सेक्रेटरी टकमान राउत लगायतको उपस्थिति रहेको थियो ।

## तामाङ राष्ट्रिय मुक्ति मोर्चाको ललितपुरको संयोजकमा मैते तामाङ

ललितपुर । शनिबार सम्पन्न एक भेलाले अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चा ललितपुरको संयोजकमा मैते तामाङलाई चयन गरेको छ । ९ सदस्यीय जिल्ला समिति निर्माण गरेको ललितपुरको लगनखेलमा सम्पन्न उक्त भेलाले सह-संयोजकमा विराट तामाङ, सचिवमा टेकबहादुर तामाङ र सदस्यहरूमा राजु तामाङ, नारायणबहादुर तामाङ लगायतलाई चयन गरेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) का ललितपुर इन्चार्ज जीवन, सेक्रेटरी दीपक र अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सह-संयोजक सुरेश तामाङ लगायत नेताहरूको उपस्थिति रहेको उक्त भेलाको अध्यक्षता मैते तामाङले गरेका थिए भने सञ्चालन टेकबहादुर तामाङले गरेका थिए ।

## पहिचानविरोधी प्रदेश नामाकरणको विरुद्धमा विरोधमा सभा सम्पन्न

बाग्लुङ । आदिवासी जनजाति महासंघ ढोरपाटन नगरपालिका बाग्लुङको आयोजनामा ४ नम्बर प्रदेशको प्रदेश सरकारले पहिचान विरोधी नामाकरण गरेको विरोधमा सभा सम्पन्न गरेको छ । शुक्रबार सम्पन्न विरोध सभालाई सम्बोधन गर्दै कार्यक्रमका विषेश अतिथि आदिवासी जनजाति महासंघका नेता एवम् अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष निलबहादुर पुनले भने- 'यो पहिचानविरोधी ओली नेतृत्वको सङ्घीय सरकार र प्रदेश सरकारले यस क्षेत्रको जात, जाति, आदिवासी जनजाति, भाषाभाषी समुदायका जनताको भावना, ऐतिहासिकता र वस्तुस्थितिको बारेमा छलफल र सहमतिको आधारमा निष्कर्षमा नपुगी जनताको आवाजलाई कुल्चन पुगेको छ ।' यो निर्णयले जनताको मनोकांक्षा र मागलाई अवमूल्यन गर्दै मगरात र तमुवानको ऐतिहासिक पहिचानलाई नामेट पानै खोजेको भन्दै यसले 'महेन्द्रकालीन एकात्मक केन्द्रिकृत गण्डकी प्रदेश नामाकरण गरेको' मा आपत्ति जनाउँदै 'यो सरकार र संसदवादी राजनीतिक दलहरूका त्यसप्रकारका पहिचानविरोधी एवम् जनविरोधी निर्णयहरू तुरुन्त खारेज गरियोस्' भनी जोड्दार माग पनि गरे ।

संवोधनका क्रममा पुनले 'शोषित उत्पीडित नेपाली जनताहरू र आदिवासी जनजातिहरूको चाहना र भावना विपरीत पहिचान मेटिने गरी अमूक र अमूर्त ढङ्गबाट भूगोल र नदीनाला तथा पहाड पर्वतको आधारमा संघीय प्रदेशहरूको नामाकरण गर्ने निर्णय गरी त्यसैलाई हुबहु लागु गरिएमा त्यसका विरुद्धमा सम्पूर्ण पहिचानका पक्षधरहरू एकजुट भई आन्दोलनमा उत्रनु पर्ने' आवश्यकतामाथि जोड दिए ।

वीरबहादुर घर्तिमगरको अध्यक्षतामा सम्पन्न उक्त विरोधसभामा ढोरपाटन नगरपालिका वडा नंम्बर ८ का वडाध्यक्ष हरिबहादुर घर्तिमगर लगायतका वक्ताहरूले आत्मनिणर्यको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित जातीय, क्षेत्रीय स्वायत्तता तथा उत्पीडित जातीय पहिचानसहितको संघीयताको आधारमा राज्यको पुर्नसरचना हुनुपर्दछ भन्ने मागसहित राजनीतिक अधिकारसम्बन्धी मुद्दाहरू उठाएर आन्दोलन गरिरहेको बताए । विरोध सभाको सञ्चालन भीमबहादुर घर्तिमगरले गरेका थिए ।

# मुस्ताङमा भएको ट्रिप्पर दुर्घटनामा २० को मृत्यु, १२ जना घाइते

काठमाडौं । कालिगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडक खण्डमा पर्ने स्याङबोचेमा शुक्रवार भएको ट्रिप्पर दूर्घटनामा २० जना मजदुरहरूले ज्यान गुमाउन पुगेका छन् । अन्य १२ जना गम्भीर घाइते भएका छन् । दुर्घटनामा ट्रिप्पर चालकको पनि मृत्यु भएको छ । ट्रिप्पर दुर्घटना कालिगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडक अन्तरगत उपल्लो मुस्ताङको लो घ्याकर दामोदर कुण्ड गाउँपालिका-३ घिलिङ्ग तामाखोलामा भएको थियो ।

घाइतेहरूको पोखरामा उपचार भइरहेको छ भने सनाखत भइसकेकाले मृतकका आफन्तहरूलाई बोलाइएको छ । मृतकहरूको पोस्टमार्टम पोखरामा गरिने भएको छ । मृतकहरूमा मुस्ताङका कोही पनि नभएकाले लाश सबै पोखरा पठाइएको मुस्ताङका अधिकारीहरूले जनाएका छन् । दुर्घटना किन र कसरी भयो, सोको कारण अझैसम्म खुल्न सकेको छैन ।

मृतकहरूमध्ये बालकुमार घर्ती (दाङ), सुकमान रोका (रोल्पा), सुजन घलाङ (धादिङ), जीवन माझी (ओखलढुंगा), विन्ती घर्ती (कैलाली), महेश रोका (रोल्पा), कमानसिंह रोका (कपिलवस्तु), बबिता घर्तिमगर (दाङ), रामकुमार पुन (रोल्पा), सुबेर चौधरी (दाङ), विनिता घर्ती (कैलाली), शान्ति थापा (दाङ), सन्तु घर्ती (रोल्पा), कृष्ण क्षेत्री (स्याङ्जा), कमल बुढा (दाङ), जीतमाया घर्ती (रोल्पा), सिर्जना मगर, राष्ट्रे रोका, गुरुदत्त थापा (दाङ), जीतकुमार पुन (रोल्पा) रहेका छन् । मृतक सुजन घलाङ ट्रिप्पर चालक हुन् ।

त्यसै गरी घाइतेहरूमा दीपेश माझी, निरज पुन, विमल घर्ती, कुमार पुन, सूर्यबहादुर पुन, सागर मगर, रिस्सा घर्ती, ईश्वर पुन, रिसन घम, श्याम बुढा, डिलक पुन र दीपक पुन रहेका छन् ।

## 'मृतकलाई उचित राहत र घाइतेलाई निःशुल्क उपचारको व्यवस्था गर'- देजमो नेपाल

काठमाडौं । कालिगण्डकी करिडोरको बेनी जोमसोम कोरला सडक खण्डमा पर्ने स्याङबोचेमा शुक्रवार भएको ट्रिप्पर दूर्घटनामा परी ज्यान गुमाएकाहरूलाई उचित राहत र घाइतेहरूलाई निशुल्क उपचारको व्यवस्था गर्न वर्तमान सरकारसँग देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले जोडदार माग गरेको छ । मोर्चाका केन्द्रीय अध्यक्ष सी.पी. गजुरेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा सो कुरा जनाइएको हो ।

विज्ञप्तिमा भनिएको छ- 'कालिगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडक अन्तरगत उपल्लो मुस्ताङको लो घ्याकर दामोदर कुण्ड गाउँपालिका-३ घिलिङ्ग तामाखोलामा यही असार २२ गते दिउँसो ट्रिप्पर पल्टिँदा २० जना मजदुरहरूको मृत्यु र १२ जना घाइते भएका छन् । उक्त दुःखद दुर्घटनामा मृत्यु हुनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली र घाइतेजनहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।'

घटना घटिसके पछिको स्थितिलाई सम्हाल्न र दूर्घटनाबाट आहत परिवारजनहरूलाई सरकारको तर्फबाट गर्न सकिने र गर्नुपर्ने राहत र सान्त्वनाको स्मरण गराउँदै विज्ञप्ति थप भनिएको छ- 'सो दुर्घटनामा ज्यान गुमाउनेहरूका परिवारलाई उचित राहत र घाइतेहरूको पूर्ण रूपमा निःशुल्क औषधी उपचारको व्यवस्था गरियोस् भनी नेपाल सरकारसँग जोडदार माग समेत गर्दछौं ।'

## अखिल क्रान्तिकारीमा संगठित हुँदै स्कूल क्याम्पसका विद्यार्थीहरू

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट विध्यार्थी संगठन अखिल (क्रान्तिकारी)मा स्कूल क्याम्पसमा अध्ययनरत विध्यार्थीहरू संगठित हुने क्रम बढेर गएको छ । शिक्षामा भएको निजीकरण, व्यापारीकरण र माफियाकरणको विरोधमा आन्दोलन गर्दै आएको यो संगठनप्रति स्कूल क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरूमा विस्तारै आकर्षण बढ्दै गएको छ र वास्तविक क्रान्तिकारी विद्यार्थी आन्दोलनको नेतृत्वदायी संगठनको रूपमा यो संगठन स्थापित हुँदै गएको छ ।

हामीलाई प्राप्त समाचार अनुसार हालै काठमाडौंको जोरपाटी स्थित चामुण्डा माध्यामिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको एक भेलाले २३ सदस्यीय इकाई कमिटि निर्माण गरेको छ । उक्त कमिटिको अध्यक्षमा तिलक तामाङ, उपाध्यक्ष सुनिता राई, उपाध्यक्ष अनुषा थापा, सचिव अन्जिला कार्की, सहसचिव राहुल तामाङ, जेनिभा कडायत, अपेक्षा पोखरेल, कोषाध्यक्ष उमा मैनाली र सदस्यहरूमा हिरादेवी सापकोटा, सवीता लामिछाने, बबिता चौलागाँई, हरि थापा, ग्याल्वो तामाङ, आङबाबु शेर्पा, नीरस श्रेष्ठ, वाङ्ग्याल गोले, साजन तामाङ, संगीता चौलागाई, विशाल शाही, पासाङ ग्याल्मो लामा, टेमा तामाङ, अस्मीता सुनुवार, रेस्मा बराइलीलगायत रहेका छन् ।

त्यसैगरी कोटेश्वर क्याम्पसमा पुजा शाहको संयोजकत्वमा ९ सदस्यीय क्याम्पस इकाई समिति निर्माण भएको छ । बिबिएस अध्ययनरत विद्यार्थीहरू संगठित रहेको उक्त कमिटिका सदस्यहरूमा सुवाष लिम्बु, विनप लिम्बु, भिम बहादुर बढाथोकी, सिर्जना काफ्ले, सृष्टि आचार्य, सावित्री कोइराला, जोसिला बस्नेतलगायत रहेका छन् ।

त्यसैगरी प्रियंका कुमारी संयोजक र सुमिना तिमिल्सिना, अनिश पोखरेल, जेज नारायण पोखरेल र भिम तामाङ रहेको स्कूल इकाई कमिटिमा मिना बेसरा, बिनु भण्डारी, जिना घिमिरे, शुबोध सत्याल, सनम राई, जनक मगर, नविन बस्नेत, नकु कटुवाल, पूर्णिमा अधिकारी, प्रियांका ठकुरी, अस्मीता थापा, निरज रोक्का, विशाल अधिकारीलगायत आवद्ध भएका छन् ।

प्राप्त समाचार अनुसार पद्मोदय मा.वि.मा अध्ययनरत विद्यार्थीहरूको एक भेलाले सुशान्त थापा अध्यक्ष, उपाध्यक्षमा सुमित्रा बस्नेत, लोक बहादुर नेपाली, सचिवमा सुरेश खाती, सहसचिवमा जेरी तामाङ, कोषाध्यक्षमा मिलन कार्की, सदस्यहरूमा रेखा राउत, अस्मीता श्रेष्ठ थापा, दिनेश आले मगर, प्रकाश विक, सुभाष आले मगर, लोकेन्द्र साउद, राज श्रेष्ठ, राधेश्याम मण्डल, विकास पाण्डे, दिपा तामाङ, रबिना खाती रहेको स्कूल इकाई कमिटि निर्माण गरेको छ ।

त्यसैगरी महेन्द्ररत्न क्याम्पस, ताहाचलमा अध्ययनरत विध्यार्थीहरूको एक भेलाले अखिल (क्रान्तिकारी)को क्याम्पस इकाई कमिटि निर्माण गरेको छ । भेलाले उक्त कमिटिको संयोजकमा सिताराम शर्मा, सहसंयोजकमा ओम बोहोरा, खगेन्द्र डागी र सदस्यहरूमा जिमान पुन मगर, रोहन रोकाया, तेज बहादुर साउद, शम्भु शाह र मजोज परियारलगायतलाई चयन गरेको छ ।

## निषेधाज्ञा...

पनि हालतमा फिर्ता नहुने बताइरहँदा माइतीघर मण्डला लगायतका स्थानलाई निषेधित क्षेत्र घोषणा गर्ने सरकारको निर्णय असार २९ गतेसम्म यथास्थितिमा राख्न सर्वोच्च अदालतले अल्पकालीन आदेश जारी गरेको छ ।

न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले अल्पकालीन अन्तरिम आदेश जारी गर्दै असार २९ सम्म निर्णय कार्यान्वयन नगर्न आदेश जारी गरेको हो । खतिवडाको एकल इजलासले असार २९ मा दुबै पक्षलाई छलफलका लागि समेत बोलाएको छ ।

सरकारले हालै गरेको निर्णयबाट माइतीघर मण्डलालगायतलाई निषेधित क्षेत्र घोषणा गर्ने निर्णय बदरको माग गर्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले बिहीबार सर्वोच्चमा रिट दर्ता गरेका थिए । सरकारको निषेधाज्ञाको निर्णय संविधानले प्रत्याभूत गरेको मौलिक हक विपरीत भएको निवेदनमा दावी गरिएको छ । निवेदक त्रिपाठीले सरकारको निर्णय संविधानको धारा १७ ले प्रत्याभूत गरेको 'बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्ववतन्त्रता' विपरीत भएको भन्दै बदरको माग गरेका थिए । त्रिपाठीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई विपक्षी बनाई रिट दायर गराएका थिए ।

सरकारले गत फागुन ८ गते एक सूचना प्रकाशित गरि राष्ट्रपति भवन, उपराष्ट्रपति भवन, संसद भवन नयाँ वानेश्वर, सिंहदरवार रहेको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको छ । ती क्षेत्रहरूमा कुनैपनि किसीमका जुलुश प्रदर्शन, धर्ना, घेराउ जःता आन्दोलन वा विरोधका कार्यक्रमहरू गर्न नपाउने गरी निर्षोधित क्षेत्र तोक्न स्थानीय प्रशासनलाई सरकारले आदेश दिएको थियो ।

यस्तै जिल्ला सुरक्षा समिति काठमाडौंको गत बैशाख ३० गते बसेको बैठकले २०७५ वैशाख १६ गतेदेखि लागु हुने गरी काठमाडौं उपत्यकाका सात स्थानलाई 'सार्वजनिक कार्यक्रम तथा प्रदर्शन स्थल' तोकेको थियो । ती स्थानहरूमा खुला मञ्च, तीनकुने, कोटेश्वर, भगवान पाउ, पेप्सीकोला खेल मैदान, सानो गौचरण फुटबल मैदान, लैनचौर समाज कल्याण परिषद् अगाडीको खुल्ला स्थान र सिफल चौर गौशाला रहेका छन् । हालै एक पत्रकार सम्मेलन गरी गृहमन्त्री रामबहादुर थापाले साउन १ गतेबाट लागू हुने गरी ७७ वटै जिल्लामा निषेधाज्ञा जारी गरेको जनाएका थिए ।

**निषेधाज्ञाको अवज्ञा गर्दै विरोध प्रदर्शन**

राजधानी सहर काठमाडौंको मुटुमा रहेको माइतीघर मण्डला ' प्लेस फर फ्रिडम' का रूपमा चिनिदै आएको छ । पुरानो राज्य व्यवस्थाको केन्द्र सिंहदरबार नजिकै रहेको मण्डलामा जनताले विरोध प्रदर्शन गरी शासकहरूलाई खबरदारी गर्दै आएका छन् । सरकारले निषेधाज्ञा गर्दै गर्दा डा.गोविन्द केसीलगायतले मण्डलामै विरोध प्रदर्शन गरी निषेधाज्ञाको विरोध गरे । राज्यको दमनका बाबजुद निरन्तर प्रदर्शनहरू भइरहेका छन् ।

सिंहदरबारदेखि गाउँसम्म महामारी रूपमा फैलँदो संस्थागत भ्रष्टाचार, असारे विकासको नाममा विकास बजेटमाथिको ब्रम्हलुट, अनावश्यक रूपमा करको वृद्धि, महंगी, कालोबजारी, बढ्दो बेरोजगारीलगायतका समस्याले जनजीवन आक्रान्त बन्दै गएको र सरकारका विरुद्ध जताजतै जनआक्रोश चुलिदै गएको अवस्थामा जनताको विरोध गर्न पाउने संविधान प्रदत्त अधिकारलाई समेत प्रतिबन्ध लगाएर सरकार फासिवादी दिशामा अगाडि बढ्न खोजेको विश्लेषण पछिल्ला दिनमा बाक्लिदै गएको छ ।

ओली सरकारको यो निर्णयलाई फासीवाद उन्मुख सरकारी उर्दीका रूपमा लिदै चौतर्फी रूपमा विरोध भइरहेको छ । 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा दिएको पूर्व एमाले र पूर्व माकेको वर्तमान सरकारको पहिलो निशानामा वाक स्वतन्त्रता परेको छ । वाक स्वतन्त्रतामाथि अघोषित प्रतिबन्ध लगाई जनतालाई देशभर बोल्न र प्रदर्शन गर्न नपाइने गरी निषेधित इलाकाहरू घोषणा गरेको छ । दुई तिहाई बहुमतको दम्भ र घमण्डले मात्तिएको वर्तमान ओली सरकार फासिवादी दिशातिर उन्मुख हुँदै जाँदा देशैभर यो सरकारका विरुद्ध विरोधका स्वर उर्लिन थालेका छन् । विगतमा भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलनका मुद्दाहरूलाई एकपछि अर्को लत्याउँदै अघि बढेको यो सरकारका विरुद्ध सबै शोषित उत्पीडित वर्ग र जनसमुदाय निर्णायक रूपमा सडकमा उत्रने वातारवरण सरकार आफैले बनाउँदै गएको चौतर्फी रूपमा राजनीतिक टिप्पणी हुन थालेको छ ।

### फ्रान्सेली विरोध प्रदर्शनमा

# माओवादी टिमको सहभागिता



काठमाडौं । जुन २३ मा कमरेड जर्ज इब्राहिम अबदल्लाहको रिहाइको माग गर्दै निस्किएको पेरिसको एक ऐतिहासिक र्‍यालीमा माओवादी लडाकूहरूको एक टिम पनि सहभागी भएको थियो । मुक्तिका लागि एकल अभियानद्वारा आयोजित यो विरोध प्रदर्शन पेरिसदेखि डे ला रिपब्लिकसम्म गरिएको थियो । अब्दल्लाहको रिहाइको माग गर्दै गरिएको यो तेस्रो विरोध प्रदर्शन थियो ।

पहिलेको भन्दा यस पालीको विरोध प्रदर्शनमा देखिएको फरकपन भनेको माओवादी युवा लडाकु टिमको रिहाइ र विरोध प्रदर्शनमा उपस्थिति हुनु रहेको थियो । यसको नेतृत्व ज्युन्स रिभोल्युशनरीहरूले गरेका थिए । यसका साथै अर्को महत्वपूर्ण पक्ष भनेको प्रदर्शनमा जर्मनी, आयरल्याण्ड, नेदरल्याण्ड, अस्टेलिया, इट्ली र टर्किस कमरेड पाहुनाहरूको पनि विशेष उपस्थिति थियो । प्रदर्शनमा रहेका २०० सहभागीहरूमध्ये ८० जति कमरेडहरू नै थिए । उनीहरूले गगनभेदी नारा लगाउँदै विरोध प्रदर्शन गरेका थिए । निकै उत्साहित र संयमित यो विरोध प्रदर्शनमा 'प्यालेस्टिनी जनताको सशस्त्र संघर्ष- जिन्दावाद !' भनी नारा घन्काइएको थियो ।

उनीहरूले एकै स्वरमा भनेका पनि थिए- 'एउटा वा दुईवटा होइन, सक्छस् भने हजारौं रकेट वस्तीहरूमा फ्याँक !' जर्ज अब्दल्लाह त्यही मुक्ति युद्ध लडिरहेका मानिस हुन् । उनको भनाइमा प्यालेस्टिनी जनताको मुक्ति वार्ताबाट होइन, सशस्त्र सङ्घर्षबाट मात्र संभव छ ।

### मलेसियाली जेलमा नेपाली कामदार

# आफ्ना नागरिकप्रति सरकारको चासो खोई ?



काठमाडौं । नेपाली कामदारहरू मलेसियामा अलपत्र परिरहेका छन् । अवैधानिक रूपमा त्यहाँ पसेका र घर जानका लागि तयार भएका सबैलाई यस अघि मलेसियाली सरकारले तोकिदिएको सीमा समय पनि सकिएको छ । अहिले बाँकी रहेकाहरूलाई सरकारले गिरफ्तार गरी जेलमा राखेको छ । जेल परेकाहरूमा नेपालीहरू पनि छन् ।

बाध्यताले विदेशिएका नेपालीहरू विश्वका कुनाकुनामा पनि छन् । विविध कारणहरूले अवैधानिक आप्रवासी बन्न पुगेका नेपालीहरूलाई नेपाली नागरिक हुनुको नाताले सरकारले चासो र चिन्ता दुबै पुर्‍याउनु पर्छ । तर वर्तमान ओली सरकारले यो विषयमा सुनेको नसुन्यै गरेको छ ।

सरकारको यस्तो रबैयाका कारण जनतामा यसले आक्रोश निम्त्याएको छ । एक त सरकार देशमा युवाहरूका लागि स्वरोजगारमूलक व्यवसायहरू र कामहरूको सिर्जना गर्न सकिरहेको छैन भने अर्कोतिर विदेशमा दुःख पाइरहेका नेपालीहरूको वास्ता पनि गरिरहेको छैन । सरकार भनेको आफ्ना नागरिकले तिरेको करमा बाँच्ने संयन्त्र हो । यो अभिभावक पनि हो । यसले जनताले तिरेको करबाट आएको नूनपानी खाएको हुन्छ । त्यसैले आफ्ना नागरिकको खोजी गर्नु यसको दायित्व पनि हो । मलेसियाको जेलमा रहेका डेढ शय भन्दा बढी नेपाली नागरिकहरूको शिघ्र उद्दार गरियोस् ।

# मेक्सिको–अमेरिका सिमानामा ठड्याउलान् ट्रम्पले पर्खाल ?

काठमाडौं । मेक्सिकोमा वामपन्थी नेता आन्ड्रेस म्यानुअल लोपेज ओब्राडोर देशको राष्ट्रपति निर्वाचित भएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प थप सङ्कटमा परेका छन् । अमेरिकाले नचाहेर पनि मेक्सिकोको राजनीतिक वातावरण वामपन्थीहरूको पोल्टामा पर्न गएपछि यो प्रतिकूलता ह्वाइट हाउसमा थपिन पुगेको हो ।

कूल खसेको मतको सरदर ५३ प्रतिशत मत ल्याएका ओब्राडोरका प्रतिद्वन्द्वीहरूले आफ्नो हार स्वीकार गरेपछि विश्वका धेरै देशहरूका प्रमुखहरूसहित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि ट्वीटमार्फत् बधाइ दिन बाध्य भएका थिए । रिसाउन पनि र मित्रता कायम गर्न पनि खप्पिस राष्ट्रपति ट्रम्पले समयमा नै यो यथार्थतालाई बुझ्रेर कुटनीतिक रूपमा मेक्सिकोलाई चिढिन र टाढा हुनबाट जोगाएका छन् ।

छिमेकी देशमा वामपन्थी सरकारमा आएपछि विशवको ध्यान एउटै प्रश्नमा केन्द्रित हुन पुगेको छ, त्यो हो, अब हुनसक्ने अमेरिका-मेक्सिको सम्बन्ध ? जितपछि जनतालाई सम्बोधन गर्दै ओब्राडोरले देशमा परिवर्तन ल्याउने बताएका छन् । यो परिवर्तन भनेको ट्रम्पको मेक्सिको विरोधी नीतिलाई असफल पार्ने अभियान हो । देशलाई भ्रष्टाचारमुक्त बनाउने प्रविद्धता जाहेर गरेका लोपेज ओब्राडोर राष्ट्रपति ट्रम्पका कट्टर आलोचक रहँदै आएका छन् । ट्रम्प पनि ओब्राडोरलाई मन पराउँदैनन् । साथसाथै, ट्रम्पले व्यापार तथा आप्रवासनसम्बन्धी मुद्दामा मेक्सिकोको चर्को आलोचना गरेपछि वाशिङ्टनसँगको दुई देशको सम्बन्ध संकटमा छ ।

**के के आरोप लगाउँदै छन् छिमेकी देशहरू ?**

वामपन्थी नेता ओब्राडोरको जीतपछि अब मेक्सिकोमा सर्वसत्तावादी शासन चल्ने हल्ला उनका पुँजीवादी छिमेकी मुलुकहरूले लगाउन थालेका छन् । यो आशयको विरुद्धमा ओब्राडोरले पहिलो वचनमा नै आफूले नागरिक स्वतन्त्रताको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यसका साथै उनले अमेरिका, बेलायत लगायतका आफूलाई प्रजातान्त्रिक भन्ने देशहरूलाई व्यङ्ग्यगर्दै आफूले खुला वा गोप्य रूपमा कुनै पनि प्रकारको निरङ्कुशता लाद्न नखोज्ने कुरा बताएका छन् ।

उनका विपक्षीहरूले ओब्राडोरको लोकप्रियतावादी नीतिले पहिले नै मन्द गतिमा पुगिसकेको देशको अर्थव्यवस्थामा थप क्षति पुग्ने सक्ने भनी आलोचना सुरु गर्न थालेका छन् । मेक्सिकोलाई 'अर्को भेनेजुएला' मा रूपान्तरण गर्ने बनिबनाउ आरोप पनि उनीमाथि लगाउन थालिएको छ ।

आर्थिक अवस्थामा देश यसरी धराशायी हुनपुगेको मुख्य कारण देशमा विद्यमान सामाजिक र आर्थिक असमानता नै हो भन्दै उनले भ्रस्टाचार नै देशमा भइरहेको हिंसाको मुख्य कारक बताएका छन् । उनले भ्रष्टाचारमा शुन्य सहनशीलता अपनाउने र भ्रस्टहरू कसैलाई पनि उन्मुक्ति नदिइने बताएका छन् । अमेरिका र मेक्सिकोका बीचमा सधै उठ्ने गरेको पहिलो अन्तरविरोध वा चासो भनेको अमेरिकाले उठाउँदै आएको सीमा सुरक्षा नै हो । सीमा सुरक्षा यस कारणले कि मेक्सिकोबाट हजारौं आप्रवासीहरू अमेरिकामा प्रवेश गर्दछन् । त्यसैले अहिलेका अमेरिकी राष्ट्रपति ट्रम्पले भने जस्तै रोनाल्ड रेगनले पनि सन् १९८० को दशकमा मेक्सिकोको सीमानाभर पूरै पर्खाल निर्माण गर्ने कुरा गरेका थिए । यो कुरालाई ट्रम्पले आफ्नो कार्यकालभरि उठाउने छन् ।


दोस्रो कुरा हो, अमेरिकाले मेक्सिकोमाथि गर्दै आएको दादागिरी । यसलाई अमेरिकाले आफूहरू मेक्सिकोवासीहरू भन्दा अब्बल रहेको ढोंगको रूपमा लिइन्छ । अमेरिकाले मेक्सिको आकाशमा विषादी छर्ने गरेको र आफ्नो भन्दा स्वास्थ्य स्थिति निकै कमजोर रहेको देखाउने सम्मका हर्कत पनि अमेरिकाले गर्दै आएको छ । यो मेक्सिकोवासीका लागि असैह्य हुँदै आएको छ । यसलाई अमेरिकी क्रुरताका रूपमा लिइन्छ । अमेरिकाले सीमा सुरक्षाका नाममा अमेरिकी सैनिक प्रयोग गरेर मेक्सिकोवासीमाथि दैनिक अत्याचार पनि गर्दै आएको छ ।

तेस्रो कुरा हो, ट्रम्पको बेढङ्को व्यापार नीति । यसले छिमेकी देशहरूलाई मात्र होइन, उसका जी-७ मा रहेका व्यापार साझेदारहरूलाई पनि कठोर निर्णय लिन बाध्यता सिर्जना गरेको छ । मेक्सिकोबाट हुने आयातित सामानहरूमा राष्ट्रपति ट्रम्पले महंगो कर लगाइसकेका छन् ।

यी र यस्ता नकारात्मक इतिहासको पृष्ठभूमिमा हालको अेरिका र मेक्सिकोको सम्बन्ध निकै तनावपूर्ण हुने देखिन्छ ।

तर सबैको चासोको विषय भनेको ट्रम्पले उठाउलान् मेक्सिकोको सिमानामा पर्खाल भन्ने नै हो ।

# सरिफलाई सुनाइयो १० वर्ष जेल सजाय



काठमाडौं । पाकिस्तानका पूर्व प्रधानमन्त्री नवाज सरिफलाई भ्रष्टाचारको आरोपमा त्यहाँको सर्वोच्च अदालतले १० वर्षको जेल सजाय सुनाएको छ । अदालतलाई सहयोग नगरेको भनेर एक वर्ष थपँदा उनले जेलमा ११ वर्ष बिताउनु पर्ने छ । उनकी छोरी मरियमलाई ७ वर्षको सजाय सुनाइएको छ भने उनका ज्वाइँलाई समेत् एक वर्षको जेल सजाय सुनाइएको छ ।

सरिफ र उनका परिवार अहिले लण्डनमा एक फ्ल्याट लएर बस्ने गरेका छन् । उनीहरूले लिएर बसेको फ्ल्याटको स्रोत खोज्दै जाने क्रममा उनीहरूमाथि भ्रस्टाचार गरेको फाइल तयार पारिएको थियो । यसै फाइलको आधारमा पाकिस्तानको भ्रस्टाचार विरोधी अदालतले मुद्दाको फैसला सुनाएको हो । सरिफ केही समय पहिले मात्र सर्वोच्च अदालतको फैसला पछि प्रधानमन्त्रीको पदबाट मुक्त हुन पुगेका थिए

। तर सरिफ भन्छन् उनीहरू बेलायतमा भाग्न र लुक्न नभई आफ्नी श्रीमतीको उपचारमा क्रममा गएका हुन् । क्यान्सर रोगबाट पीडित उनकी श्रीमती अहिले लण्डनमा उपचार गराइरहेकी छिन् ।

राजनीतिक विश्लेषकहरूको विश्लेषण भने अलि केही भिन्दै छ । उनीहरू भन्छन्- भ्रष्टाचारको कुरा पनि हुन सक्छ, तर मुख्य कुरा यही जुलाई २५ मा हुन गइरहेको निर्वाचनको पूर्वसन्ध्यामा गरिएको यो फैसला अलि बढी राजनीतिक नै रहेको छ । केही दिनपछि हुन गइरहेको निर्वाचनमा सरिफकी छोरी मरियम पनि लाहौरबाट उम्मेदवार हुन गइरहेकी थिइन् । मरियमलाई जेल सजायसँगै एक करोड अमेरिकी डलर आर्थिक सजाय पनि तोकिएको छ । सफिलाई भने राजनीति गर्न नै प्रतिबन्ध लगाइएको छ ।

# भारतीय माओवादीमाथि 'रासायनिक' अस्त्र प्रयोग

काठमाडौं । महाराष्ट्रको गढचिरोली जिल्लाको धनोरा तालुकास्थित सिन्देसुर गाउँमा आजभन्दा सात वर्ष पहिले भारतीय पुलिसले माओवादीसँग भएको दोहोरो भिडन्तका नाममा ७ जना स्थानीयको हत्या गर्‍यो । हत्या गरिएका मध्ये ५ जना माओवादीका स्थानीय जनवर्गीय संगठनकर्ता थिए भने अन्य दुई जना सर्वसाधरण जनता ।



मारिएका सात जनामध्ये पाँच जनालाई गोली हानिएको थियो । उनीहरूको शरीरमा गोली हानिएका घाउहरू थिए । रगत बगिरहेको थियो । थर अन्य दुई जनालाई भने गोली पनि हानिएको थिएन र शरीरमा घाउ तथा चोटपटक पनि केही थिएन । तर उनीहरू मृत अवस्थामा थिए । यो रिपोर्ट गढचिरोली जिल्लाको घटनालाई लिएर महाराष्ट प्रदेश कमिटीले भारतीय कम्युनिस्ट पार्टी (माओवादी) केन्द्रीय कार्यालयलाई गरेको थियो ।

शंकास्पद मृत्युवरण गर्नेहरूमा एक स्थानीय मुकेश र अर्का पार्टी कार्यकर्ता चम्पा नाम गरेका दुई व्यक्तिहरू थिए । केही क्षणको गोली हानाहानको अवस्थापछि पाइएका सात मृतकहरूको अवस्थालाई चेकजाँच गरेर यो रिपोर्ट पठाइएको थियो । यसले सबैलाई आश्चर्यमा पारेको थियो ।

दोहोरो फायरिङ चलिरहेकै बेलामा स्वास फेर्न गाह्रो भएको, उल्टी आउने खोजेको, शरीर चिलाउने गरेको र छटपटी लाग्ने गरेको स्थानीय जनता पनि बताउँछन् । धेरैलाई एक्कासी खाँसो लागेको पनि थियो । सुरुमा त यो धूलोको ककरणले पनि हुनसक्छ जस्तो सबैले महसुस गरे । तर पछि त्यही जिल्लाकै अर्को ठाउँ हेटाड्कासामा जब फेरि दोहोरो भिडन्त भयो, त्यसबेलामा लडिरहेका माओवादी छापामारहरूले उस्तै वायु प्रदुषणको सामना गरे । टाउको दुख्ने, उल्टी आउने, घाँटी खसखसाउने र अक्सिजनको कमी भएर चक्कर लागी मूर्छा पर्ने आदिआदि भए ।

भिडन्तका क्रममा कमाण्डरलाई बोलाइए पछि उनले उक्त असहज अवस्थाको अध्ययन र अबलोकन गरे पनि । त्यति बेलामा पुलिसले हावामा केही सेलहरू फ्याँकिरहेको थियो । ती फ्याँकिएका सेलहरू हावामा बम जस्तै पड्किइरहेका थिए । र, ती हावामा पड्किएको आवाज आउने बित्तिकै यस्तो समया पैदा हुने गर्दथ्यो । पड्काउने सेना तथा पुलिसहरू दूरीका हिसाबले टाढा थिए ।

तर ती हावामा पड्काइएका बमहरू भन्दा केही पर फ्ल्याङ्क अटट्र्याकमा बसेका छापामारहरूकहाँ भने त्यस्तो केही पनि संकेत नै थिएन । उनीहरू सतर्कता र चूपचाप पुलिसको आगमनको प्रतिक्षामा थिए ।

यो कुराबाट थाह हुन्छ कि भारतीय पुलिसहरू भारतीय मुक्ति योद्धा माओवादी सेना तथा छापामारहरूको कत्लेआम गर्नका लागि राइफलको ठाउँमा रसायनिक अस्त्र प्रयोग गरिरहेका छन् । श्वासप्रश्वासमा देखिने यो प्रतिक्रिया र विना खतचोट मृत अवस्थामा छापामार तथा कर्यकर्ता र स्थानीय जनता पाइनुले सरकारी सेना तथा पुलिसहरूकाट रासायनिक अस्त्र प्रयोग भएको खुलासा गरेको छ ।

भिडन्तमा संलग्न छापामारहरू यो समस्याबाट लामो समयसम्म निको हुन सकेनन् । मेडिकल उपचारपछि मात्र उनीहरूमा देखिएको यो समस्या कम हुन गएको थियो ।

# जनयुद्धमा सांस्कृतिक रूपान्तरण

● नरबहादुर महरा

देशमा अत्याचार बढेपछि, शान्ति खल्बलिएपछि, सत्तामा रहेकाहरूको आडमा सत्ताका मतियारहरूको मनपरितन्त्र चल्न थालेपछि गाह्रो हुँदोरहेछ त्यो देशका सचेत नागरिकहरूले चुप लागेर बस्न । सल्किंदो रहेछ विद्रोहको राँको अनि जेठको खडेरीमा सल्केको डढेलोभैँ फैलिंदोरहेछ अकल्पनीय ढंगले पात पतकरहरूलाई खरानी पार्दै ।

यो दशबर्ष लामो जनयुद्ध यसैको परिणाम थियो । केयौं खप्पिस खप्पिस राजनीतिक ज्योतिषहरूको भविष्यवाणीलाई लोप्पा खुवाउँदै नेपालको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा समेत प्रभाव बिस्तार गर्दै जनयुद्ध छलाङ्मय गतिमा अगाडि बढ्यो । अन्ततः २०६२ साल चैत्र २४ गतेदेखि सारा जनता ओर्लिए सडक सडकमा । जनआन्दोलनको राँकोले शहर धप्प बल्यो । तातिए सडकहरू, सोझिए आन्दोलनका लप्काहरू राजदरबारतिर । अनि राजा ज्ञानेन्द्र बाध्य भए- नेपाली जनताको नासो जनतालाई नै फिर्ता गर्न । यसरी दश बर्षको जनयुद्धको जगमा टेकेर नेपाली जनताले चलाएको १९ दिनको आन्दोलनले नेपाली राजनीतिक संस्कारको कायापलट गरिदियो र तिनै राजाद्वारा ब्युँताइएको संसदले 'मरेको बाघको जुँघा' उखेलिदियो । यो सानो लेखमा विगत दश बर्षको जनयुद्धको क्रममा साँस्कृतिक क्षेत्रमा देखापरेका रूपान्तणका बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

१. पुरानो संस्कृतिको ध्वंश र नयाँ संस्कृतिको विकास

लिच्छविकालदेखि सामान्य रूपमा चल्दै आएको पेशाको आधारमा जातको वर्गीकरण गर्ने परिपाटि मल्लकालसम्म आइपुग्दा अझ विकसित भएर गयो । सामाजिक/आर्थिक सुधारको नाममा गरिने कतिपय कामहरूले मानिसलाई वर्गीकरण गर्दै लग्यो । पेशाको आधारमा उँचनीच जाति हुनथाल्यो । अलि घटिया खालको काम गर्नेहरू क्रमशः अछूत मानिँदै जान थाले । यहाँसम्म कि पेशाको आधारमा मानिसले लगाउने पहिरन र आभूषणको समेत वर्गीकरण गरियो । यसरी लिच्छविकाल, मल्लकाल हुँदै शाहवंशीय राज्यकालसम्म आइपुग्दासम्म पनि समाजमा छूतअछूत जातिको रूपमा मानिसलाई भेदभाव गर्ने परिपटि कायमै रह्यो । अछूत जातिका मान्छेहरूलाई सरकारी उच्च ओहदामा पुग्ने अवसरबाट वञ्चित गरियो । संविधानमा जातको आधारमा कुनै भेदभाव नगरिने उल्लेख गरिए पनि व्यवहारमा त्यो कार्यान्वयन हुन सकेन । दलितहरूलाई सार्वजनिक वस्तुको उपभोगमा समेत प्रतिबन्ध कायमै रह्यो । तर जब जनयुद्ध शुरु भयो युद्धमा थुप्रै दलितहरूको सहभागिता बढ्यो । कार्यकर्ता पंक्तिबाट शुरु भएको सहभोज, सहबासको प्रक्रिया जनताको स्तरसम्म बिस्तारित भयो । गाउँगाउँमा सहभोज कार्यक्रम चलाएर सबै जात जातिका मान्छे संगै बसेर खाने, हात मिलाउने आदि हुँदै जान थाले । उपल्लो जातिका मानिसहरूले पनि कथित तल्लो जातिका भनिनेहरूलाई आफ्नो घरमा प्रवेश गर्नमा कुनै आपत्ति जनाएनन् । अन्तर्जातीय विवाहलाई ने.क.पा.(माओवादी)ले प्रोत्साहन गरेर लग्यो । मान्छेका रहनसहन, पहिरन, आभूषण, लवाइ खवाइ, विवाह तथा मृत्यु संस्कारमा पनि उल्लेख्य रूपमा परिवर्तन भएको देख्न सकिन्छ । नेपालका कतिपय जाति/जनजातिहरू परम्परादेखि नै गाईको मासु खाने गर्दथे । स्वास्थ्यको लागि हानिकारक नभएपनि कानूनमा गाईको बध गर्नु अपराध मानिने भएकोले मरेको मात्र खाने चलन थियो । जसले गर्दा रोगी पशुहरूको मासुको सेवनबाट मान्छेमा समेत रोग फैलन सक्ने खतरा रहन्थ्यो । ने.क.पा.(माओवादीं) ले मरेका पशुहरूको मासु सेवन गर्न प्रतिबन्ध लगाएपछि मान्छेहरू ज्यूँदै गाई काटेर खान थाले र त्यसलाई पार्टी र जनसत्ताले वैधता प्रदान गऱ्यो ।



महिलाहरूले गहनालाई दासताको प्रतीक मान्दै आफूसंग भएका गहनाहरू धमाधम आफ्नो संगठनलाई बुझाउन थाले । महिलाप्रति हुने उत्पीडनका विरुद्ध हजारौं महिलाहरूको जनयुद्धमा सहभागिता बढ्यो । त्यसमा पनि जनमुक्ति सेनामा महिलाहरूको उल्लेख्य सहभागिताले उनीहरू आफ्नो हक अधिकार प्राप्तिका निम्ति कति सचेत छन् भन्ने कुरालाई पुष्टी गऱ्यो । अन्धविश्वासमा आधारित प्रतिगामी खालका चाडवाड, मेलापर्वहरू क्रमशः निषेधित हुँदै जानु, युद्धमा जाँदा र युद्धबाट फर्किंदा हजारौं जनसमुदाय भेला भएर जनमुक्ति सेनालाई बिदाई तथा स्वागत गर्ने जस्ता संस्कार विकसित भएर गए ।

महिलाहरूलाई विवाहपश्चात् युद्धमा निरन्तरता दिइराख्न धेरै व्याहारिक कठिनाइहरू हुने गर्छन् । खासगरी जनमुक्ति सेनामा खट्ने महिलाहरूलाई सन्तान जन्मिसकेपछि उनीहरूको पालन पोषण र हुर्काउनमा समय दिनुपर्ने भएकोले घरमै अथवा शिविरमा रहन बाध्य हुनुपर्छ । जसले गर्दा पुरुषहरू नै बढी बाहिर खटनपटन हुने, कतिपय पुरुषहरू युद्धकै कारण विदेश पलायन हुने गर्दा महिलाहरूमाथि पारिवारिक जिम्मेवारी स्वभाविक रूपले बढेर गएको छ । घरको आर्थिक तथा व्यावहारिकलगायत सम्पूर्ण कामहरूको जिम्मेवारीले गर्दा उनीहरूमा आत्मनिर्भर बन्न सक्ने क्षमताको विकास भयो ।

२. साहित्यिक आन्दोलनमा नयाँ आयाम

जनयुद्धको दश वर्षको अवधिमा साहित्यिक आन्दोलनमा समेत महत्वपूर्ण उपलब्धी भएका छन् । नेपाली साहित्यको आधुनिक कालमा प्रगतिवादी-यथार्थवादी धारामा अर्को नयाँ चरण थपिएको छ - क्रान्तिकारी धारा । यस चरणमा सिर्जना भएका साहित्यहरूलाई अध्ययन गर्दा त्यसमा स्पष्ट रूपमा वर्ग विभाजन भएको पाइन्छ- प्रतिक्रियावादी धारा र क्रान्तिकारी धारा । प्रतिक्रियावादी धाराले उत्तरआधुनिकतावादी दृष्टिकोणलाई आफ्नो भावभूमि बनायो भने क्रान्तिकारी धाराले वर्गसंघर्ष र युद्धलाई । बीचमा रहेका जो प्रगतिवादी हुन् ती कि त क्रान्तिकारी धारमै समाहित भए कि त बन्दुकको सामु झुके । जो कतै पनि सामेल हुन सकेनन् ती गतिमन्द नै भए ।

साहित्य मनका भावनाहरू अभिव्यक्त गर्ने माध्यम पनि हो । मान्छेले आफूभित्रका पिडा, खुशी, हाँसो, रोदन, गीत संगीत र साहित्यकै माध्यमबाट अभिव्यक्त गर्दछन् । द्वन्द्वको कारण ज्यान गुमाएकाहरूको आफन्तका पीडाहरू गीत संगीतको र साहित्यको माध्यमबाट उद्बोधित भए । युद्धमा एउटै मोर्चामा लड्दा लड्दै आफ्नो सहयोद्धा ढल्दा, लामो समय आफ्ना परिवार, आफन्तजनसंग भेट्न नपाउँदा, कैयौं रात भोकभोकै, अनिंदै जुकासंग लड्दै, भीरपहरामा ठोक्किंदै, घाइते बिरामी साथीहरूलाई कहिले बोकेर, कहिले चीसो माटोमा पुरेर हिंड्नुपर्दा कति पीडा हुन्छ होला ? तिनै अकथनीय पीडाहरूलाई लिपिबद्ध गर्दै जाँदा अत्यन्त सुन्दर साहित्य बन्न पुगेका छन्, युद्ध साहित्य बनेका छन् । यसले नेपाली बौद्धिक जगतमा रहेको 'सुन्दर साहित्य साहित्यमा डिग्री हासिल गरेकाहरूले मात्र रचना गर्न सक्छन्' भन्ने भ्रमलाई मेटिदिएको छ र 'साहित्य मान्छेका मनका भावनाहरू छताछुल्ल भएर पोखिंदा उत्पन्न हुने रसयुक्त अभिव्यक्ति हो' भन्ने कुरालाई स्थापित गरिदिएको छ ।

यो दश वर्षको अवधिमा साहित्यले सामाजिक विकृति र विसंगतिहरूको विरुद्धमात्र संघर्ष गरेन, राज्ययन्त्रद्वारा भएका क्रुर हत्या, दमन, लूटपाट र आतंकका विरुद्धसमेत डटेर मुकाबिला गऱ्यो । प्रतिक्रियावादी राज्यसत्ताको बन्दुकभन्दा पनि सशक्त भएर गीत, संगीत र साहित्यले प्रतिरोध गरिनै रह्यो । पार्टीभित्रै देखापर्ने फूट, गूटबन्दी, विर्सजन, पलायनका विरुद्धसमेत धावा बोल्दै विभिन्न खालका गलत कार्यशैलीप्रति असहिष्णु बनेर कलाकार साहित्यकारहरू खरो रूपमा उत्रिए । सौन्दर्य चिन्तनको क्षेत्रमा समेत नवीनतम दृष्टिकोण विकसित भएर आयो । युद्धमै जीवन देख्ने, संर्घषमै अस्तित्व खोज्ने, हाँस्दाहाँस्दै रुनुपर्ने, रुँदारुँदै हाँस्नुपर्ने मानवीय विवशता, बाध्यताभित्र पनि मान्छेले सुदूर क्षितिजमा नयाँ बिहानीको सूर्य उदाउन लागेको देखिराखेको छ ।

## कविता

### इतिहास माइनस इक

प्रा.डा. जगदीश चन्द्र भण्डारी



*इतिहास बिर्सदा*
*या कसैको पोल्टामा*
*इतिहासलाई*
*थमाउँदा*
*के तिमीलाई गर्व लाग्छ ?*
*के तिमीमा ःवाभिमान जाग्छ ?*

*इतिहासलाई*
*इतिहासबाट*
*माइनस गरी*
*इतिहास बनाउँदा*
*के इतिहास रहन्छ ?*

*कुनै पुःतकबाट*
*ध्वनि, शब्द, अक्षर, वाक्य*
*सबै सबै निकाल्दा*
*र पुःतक बनाउँदा*
*के पुःतक रहन्छ ?*

*पृथ्वी, जल, तेज*
*वायु, आकाश*
*मुटु, मःितष्क, श्वास*
*अनि*
*छलछल बग्ने रक्तधमनी*
*शरीरबाट हटाउँदा*
*के शरीर रहन्छ ?*

*निद्रै निद्रामा मःत*
*नसै नसामा लःत*
*अल्जाइमरद्वारा ग्रःत झै*
*अचल संज्ञानशून्य*
*आफैबाट बहिष्कृत हुँदा*
*के मानिस मानिस रहन्छ ?*

*सपना शून्य हुँदा*
*हिजो र भोलि पनि*
*नहुँदा*
*इतिहासलाई निषेध गर्दा*
*र*
*इतिहास नरहँदा*
*इतिहास कहाँ रहन्छ ?*
*अनि*
*इतिहास प्लस इक कहाँ हुन्छ ?*

### खलाँसीको धाक

*रविकिरण निर्जीव*

होइनौ तिमी कुशल पाइलट हौ खलाँसी
भट्टी पसेर धन इज्जत मासी मासी
मातेर फर्की घरमा तिमी पत्नी कुट्छौ
सारा कुकर्महरूमा दिनरात जुट्छौ ।
(१)
यस्ता तिमी कसरी बोइङ हाँक्न सक्छौ ?
हौं हामी पाइलट भनी किन धेर बक्छौ ?
डाइभर म हुँ भन बरु गरुँला पत्यार
भो धाक् नलाऊ गफडी तिमी बारबार
(२)
कैले गऱ्यौ सफल पाइलटको परीक्षा ?
कैले लियौ र त्यसको गहीरो सुदीक्षा ?
यस्ता अयोग्य कसरी तिमी उड्न सक्छौ ?
जोतेर नाक भुइँमा अब लड्न सक्छौ
(३)
कुदाउँदा सडकमा जिपकार टेम्पो
लड्दा फुट्यो शरीरको अति पुष्ट घेम्पो
यस्ता सिकारु कही हाँक्छ ठुलो जहाज ?
भो धाक् नलाउ गफडी ल लुकाइ लाज
(४)
ठुलो भइ भ्रम यहाँ गफ तिम्रो आयो
सोझा र सभ्य जनता बहुतै रमायो
तिम्रा समस्त पछुवा खुब हर्ष मान्छन्
बाँकी विवेकी जति छन् भ्रम-सत्य ठान्छन्
(५)
तिम्रा कुरा गफ छुरा कसरी पत्याऊँ ?
अमृत भनेर बिख यो म कसोरी खाऊँ ?
कोही हाँक्न सक्छ ट्रक डाइभर चील-गाडी ?
भो धाक् नलाऊ तिमीले सबको अगाडी
(६)
हाँकी देखाऊ ल अघिल्तिर भव्य जेट
देखें भने म दिउँला भरपूर पेट
खाँदै नखाई म कसोगरी लौ अघाऊँ !
भोकै बसेर म यहाँ कसरी सघाऊँ !
(७)

## संगठन...

काम थियो । यो अभियानमार्फत् केन्द्रीय समिति शुद्धीकरणको भट्टीमा नपसे पनि सुदृढीकरणको दिशामा भने केही अगाडि बढ्यो । पाँच महिने अभियानमा को खट्यो, को खटेन, कसले कति काम गऱ्यो, कसले गरेन यसबारे समीक्षा भयो । नचाहँदा नचाहँदै पनि ठूलो छलफल चल्यो । र, एक हदसम्म रूपान्तरण समेत हुन पुग्यो । देश, जनता, पार्टी र क्रान्तिलाई शीर्ष स्थानमा राख्ने केन्द्रीय सदस्यहरूले आफ्नो कामको समिक्षा गर्दै, गरेका कामको रिपोर्ट र गर्न नसकेको कामको लागि आत्मैदेखि आत्मालोचना गरे भने आलोचना, स्पष्टिकरण, चेतावनी, निलम्बन र निष्काशनसम्मको काम सम्पन्न भयो ।

हामी कम्युनिस्ट असाधारण धातुले बनेको हुनु पर्दछ । रुसमा समाजवाद निर्माण गर्दाको समयलाई स्मरण गऱ्यौं भने पहिलो पञ्चवर्षीय योजनाको बनाएर कार्यान्वयनमा लैजाँदा स्टालिनलाई यस्तै समस्या परेको थियो । तथापि यो योजना उनले सोभियत संघमा लागु गरे । भारतका तात्कालिन प्रधानमन्त्री नेहरूले यो महात्वाकाङ्क्षी योजना पूरा हुँदैन भनेर टिप्पणी गरेका थिए । स्टालिनको नेतृत्वमा सोभियत सङ्घको कम्युनिस्ट पार्टी र जनता मिलेर साँच्चै चार वर्षमा पूरा गरे । विश्व आश्चर्य चकित भएर जिब्रो टोक्यो । त्यसबाट पाठ सिकेर सबैले योजनावद्ध विकासको थालनी गरे ।

हाम्रो केन्द्रीय समितिको बैठकले पनि समीक्षा गऱ्यो । सोचेअनुरूप यो योजना सफलत हुन नसके पनि खडेरीमा पनि फूलहरू फूल्न छोड्दैनन् भन्ने कुरा साबित गरिदियो । अँधेरीमा पनि वीरहरू बाटो भुल्दैनन् भन्ने कुरा स्थापित गरिदियो । यो अभियान नै नबनाएको भए यो बैठकमा हामी उपस्थित भएर छलफल र समीक्षा गर्ने विषय नै हुने थिएन ।

सङ्गठन निर्माणको कामलाई प्राथमिकता दिंदादिंदै पनि सङ्घर्षका कामहरू पनि अघि बढाइए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीविरोधी आन्दोलनमा पनि देशैभर चलाइयो । ५४ जना नेता/कार्यकर्ता गिरफ्तार गरेर हिरासतमा लिएपछि दलाल सरकारको धज्जी उड्यो । अर्कोतिर महङ्गीविरोधी आन्दोलनको नेतृत्व गरेर थोरै भएपनि पेट्रोलियम पदार्थको मूल्य घटाउन सफल हुनुमा जनतामा केही आशाको सञ्चार भयो । सङ्घर्षको मोर्चामा पनि केही सफलता मिल्यो ।

अभियानमा विशिष्ट श्रेणी प्राप्त गर्न नसके पनि जनताका माझमा नेता कार्यकर्ता पुग्ने र पार्टीका कुराहरू पुऱ्याउने काम भयो । विगतमा अभियान सञ्चालन गरेर सकिंदा उल्टै पार्टी फुट्नेसम्मको काम हुँदै आएको थियो । अहिले थोरै तर केही गतिदिने काम हुनसकेकाले केन्द्रीय समितिको बैठकले उत्तीर्ण भएको समीक्षा गऱ्यो । यसका आधारमा सङ्गठन-सङ्घर्ष-सङ्गठनको नारा र कामभित्र बाँकी काम पूरा गर्ने लक्ष्य निर्धारण गऱ्यो । आगामी बैठकसम्म यी बाँकी कामहरू पूरा गर्ने लक्ष्य निर्धारण गरियो ।

जिल्लाहरूलाई वर्गीकरण गरी सम्मेलन, भेला, पुनर्गठन र सम्पर्क स्थापित गर्ने योजना बनाइयो । संसदीय व्यवस्थालाई आदि र अन्त्य बताउने पुराना प्रतिक्रियावादी काङ्ग्रेस, राप्रपा, राजपाहरू नाङ्गिइसकेपछि, हिङ नभएपनि हिङ बाँधेका टालाहरूको थुप्रो ने क पा ले यो व्यवस्था "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय संसदीय व्यवस्था हो" भनेर संविधानको धारा ७४ मा सही धस्काएर पश्चगामी रूपान्तरण हुन पुगेका छन् । संसदीय व्यवस्थाका असली मतियार तिमीहरू होइनौ हामी नै हौं भनेर पुराना प्रतिक्रियावादीहरूलाई गिज्याउँदै नयाँ प्रतिक्रियावादीमा रूपान्तरण हुन पुगेका छन् । उनीहरूले संसदीय व्यवस्थाको विकल्पमा खडा भएको नयाँ जनवाद र यसलाई प्राप्त गर्न भएको जनयुद्धका उपलब्धिहरूलाई संसदीय फोहोरको पोखरीमा डुबाइसके छन् ।

अब त नयाँ जनवादी क्रान्तिप्रति विश्वास दिलाउँदै परिवर्तन संभव छ भनेर नेतृत्व गर्ने चुनौती नेकपा (क्रान्तिकारी माओवादी)को काँधमा आएको छ । जनताहरू संसदीय व्यवस्था भित्रकै विकल्प खोजेर नपाउँदा पनि झनै निराश छन् । हामीले संसदीय व्यवस्थाभित्रको विकल्प होइन, बाहिरको विकल्प देखाउने र दिने काम गरिरहेका छौं । अहिले मानिसहरूले पत्याएका छैनन् तर भविष्यमा पत्याउने छन् ।

पुराना प्रतिक्रियावादी, काँग्रेस, राप्रपा, राजपाहरूको एउटा ध्रुव छ । र, हाल उनीहरूले मोर्चा बनाउन पनि थालेका छन् । ने क पा को नाममा वा कम्युनिस्टको नाममा नवप्रतिक्रियावादी संसदवादी र संशोधनवादीको एउटा अर्को मोर्चा खडा सरकारमै बसेको छ । मालेमावादको दृष्टिकोणमा छरिएर रहेका क्रान्तिकारीहरूलाई हामीले एकीकरण र ध्रुवीकरण गर्न जरुरी छ । यो दिशामा (क्रान्तिकारी माओवादी) को नेतृत्वमा पार्टी एकता र कार्यगत एकताको लागि प्रयत्न हुँदै आएको पनि छ । मालेमावादी सिद्धान्त मान्ने, बल प्रयोगको भूमिकालाई स्वीकार गर्ने, नयाँ जनवादी क्रान्ति मान्ने, जनवादी केन्द्रीयता मान्ने, वर्तमान प्रतिक्रियावादी संविधान नमान्ने र प्रतिक्रियावादी सरकारमा नजानेहरू, पोखरा राष्ट्रिय सम्मेलनले वाम राजनीतिक समूह भनेर भनिएका समूह र ६ वटा बुँदा मिल्नेसँग निरन्तर पार्टी एकताको लागि वार्ता र संवाद पनि हुँदै आइरहेको छ ।

(क्रान्तिकारी माओवादी) को यो प्रयत्नलाई छरिएर रहेका क्रान्तिकारी वुद्धिजीवी, पर्यवेक्षक र क्रान्तिकारी समूहहरूले सकारात्मक रूपमा लिएका छन् । "सके आमाले घिउ हाल्दिन्छन् नभए खट्टे सेलाउँछ ।" भए पार्टी एकता हुन्छ नभए क्रान्तिकारी ध्रुवीकरण कतै नजा । अहिलेको अवस्था यही हो । कार्यगत एकताले पनि राम्रै सन्देश दिएको छ । केपीको दलालीकरणको स्वरूप सतहमा आएपछि भ्रमवस राष्ट्रवादीको नाममा मतदान गर्न पुगेका सम्पूर्ण देशभक्तहरू पछुताउन पुगेका छन् ।

राष्ट्रघाती सन्धिसम्झौताको खारेजी, विराटनगरको भारतीय सम्पर्क कार्यालय हटाउने, राष्ट्रघाती कोशी उच्च बाँध, अरुण तेस्रो र अपर कर्णाली जस्ता सम्झौताको विरोधले देशभक्तहरू माझ पार्टीको क्रान्तिकारी र देशभक्तिपन प्रति जन-समुदायमा विश्वास बढ्दै गएको छ । पाँच महिनासम्मको लगातार सङ्गठन विस्तारको प्रयत्नले मात्रात्मक रूपमा भए पनि थुप्रै सङ्गठन बनेका छन् । तिनको निरन्तरता, स्तरीकरण र प्रशिक्षणको आवश्यकता छ । यो अवधिमा समय मिलाएर ती काम गर्न जरुरी छ ।

क्रान्तिकारी माओवादीलाई सताएको अर्को विषय आर्थिक हो । पैसा नहुँदा पनि बिग्रन्छ र धेरै पैसा हुँदा पनि बिग्रन्छ । क्रान्तिकारीको एउटा मापन अभाव पनि हो । दुःखमा साथी चिन्नु पनि भनिन्छ । पैसाको अभावमा मानिसहरू, पार्टीहरू र नेताहरू धेरै भौतारिने गरेका छन् । पुष्पलाल एक पटक साह्रै दुःखमा परेर भारतीय कम्युनिस्ट पार्टीसँग सहयोग माग्न गएछन् । भातीय कम्युनिस्ट पार्टीका नेताहरूले भनेछन्, "हामीले सहयोग गर्न त सक्छौं, तर हामी गर्दैनौ यदि हामीले तपाईहरूलाई सहयोग गऱ्यौं भने तपाईहरूको स्वत्व सार्वभौमिकता सकिन्छ हाम्रो आग्रह मान्नु पर्छ, पैसासँगै हाम्रा विचार कार्यशैली र आदेश पनि पछि लागेर आउँछन् ।"

यति कुरा सुनेपछि पुष्पलालले कहिल्यै विदेशीसँग पैसा र सहयोग लिन गएन छन् । त्यसपछि पार्टीको आर्थिक सङ्कट टार्न वर्ग-सङ्घर्ष, चुहा काण्ड, हर्रे-बर्रे काण्डमा, जमिन्दार, सुवेदार र सामन्तको कब्जा गरेर जनतामाझ वितरण र पार्टी कोष खडा गरेछन् । त्यसकारण पार्टीको मुख्य, पवित्र श्रोत भनेको आफ्ना सदस्यबाट लेबी कोटा, समर्थन, शुभचिन्तकबाट सहयोग नै हो । पैसा धेरै हुँदा र वर्ग उठ्दा र विदेशीहरूबाट पैसा ल्याउँदा एकसमयका आदर्शवान नेताहरू कसरी विदेशी सामाजिक साम्राज्यवादी, विस्तारवादीका दलाल र प्रतिक्रियावादी भए ? हाम्रो अगाडि छर्लङ्गै छ । यस विषयमा पनि केन्द्रीय समितिमा तीखो बहस भयो र उत्पादनका काम लगायत लेबी कोटा सहयोगबारे पनि छलफल भयो । छलफलपछि आवश्यक निर्णय पनि लिइयो ।

नेकपा (क्रान्तिकारी माओवादी) को अहिलेको कार्यदिशा नेपाली विशेषतामा आधारित सशस्त्र जनविद्रोह हो । यो कार्यदिशाअनुसार अगाडि बढ्न बन्दुक र स्क्वायड जस्तै पत्रिकाको महत्व छ । हातलाई सशस्त्र पार्नुभन्दा अगाडि दिमागलाई सशस्त्र पार्नु पर्छ । महान् लेनिनको नेतृत्वमा रुसमा सशस्त्र विद्रोह हुनुभन्दा अगाडि पत्रिकाको कति धेरै महत्व थियो भने पार्टी अन्तसङ्घर्ष चल्दा सम्पादक मण्डलमा क-कस्लाई राख्ने भनेर चल्दथ्यो । जब इस्क्रा पत्रिका मेन्सेविकहरूले कब्जा गरे लेनिनको नेतृत्वमा नव-इस्क्राको महत्वपूर्ण योगदान रहेको छ । किसान र मजदुरलाई वर्गीय रूपमा सचेत पार्न, विद्रोहको लागि आन्दोलनकर्ता, प्रचारकर्ता र सङगठन कर्ताको रूपमा पार्टी र पार्टी नजिकका प्रकाशनलाई सबै पार्टी सदस्य मिलेर जोगाउनु पर्छ । नत्र पार्टी सदस्य भएको कुनै अर्थ छैन भनेर पनि बैठकमा छलफल भयो ।

नेपाल कृषि प्रधान देश हो । कठिन प्राकृतिक भू-वनोटले ८३ प्रतिशत जमिन ओगटेको छ । ६२ प्रतिशत मानिस अहिले पनि सरकारी तथ्याङ्क अनुसार खेतीपातीको काम गर्छन् । २०५० सालमा मदन भण्डारीको हत्या हुँदा बाहेक वर्षामा असार-कार्त्तिक (२००८ साल कार्तिक २० गते विद्यार्थी आन्दोलन र चिनियाँमान काजी शहीद हुने बाहेक) सम्म सङ्घर्षका कार्यक्रम भएका छैनन् । असार-मंसीरसम्म अभियानका बाँकी काम पूरा गर्दै सङ्गठनमा जोड दिने काम नै प्राथमिकातामा रहेको छ । खेतीपातीको बीचबाट सापेक्ष फूर्सद भएका ठाउँहरूमा सङ्गठन निर्माण गर्दै जानु नै श्रेयश्कर छ । आगामी हिउँददेखि हुने सङ्घर्षको मानसिक तथा भौतिक दुवै तयारीमा तम्तयार रहन जरुरी छ । यसका लागि अर्को केन्द्रीय समितिको बैठकले तय गर्ने सङ्घर्ष-सङ्गठन-सङ्घर्षको कार्यक्रम बनाउन र महासचिव कमरेडको नेतृत्वमा सिङ्गो केन्द्रीय समिति र सिङ्गो पार्टीपङ्क्ति एताबद्ध हुन जरुरी छ ।

## मालेमावादको...

**लेनिनवादको विकासको चरण :**

मार्क्सवाद गतिशील एक वैज्ञानिक सिद्धान्त हो । मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण लेनिनवाद हो । मार्क्सवादमा आधारित रही लेनिन (सन् १८७०-१९२४) द्वारा विकसित विचारहरूको श्रृङ्खला नै लेनिनवाद हो । पुँजीवादले एकाधिकारी पुँजीवादहुँदै साम्राज्यवादमा प्रवेश गर्नु, उत्पादक शक्ति, सर्वहारा आन्दोलन तथा ज्ञान-विज्ञान र प्रविधिका विविध क्षेत्रमा थप प्रगतिहुँदै जानु र यस प्रकारको नयाँ परिस्थितिअनुरूप मार्क्सवादलाई नयाँ उचाइमा विकसित गर्नु पर्ने ऐतिहासिक आवश्यकताका बीचबाट लेनिनवादको जन्म भएको हो । लेनिनवादभित्र पार्टी सञ्चालनका क्षेत्रमा लेनिनवादी सङ्गठनात्मक सिद्धान्त (जनवादी केन्द्रीयता) को सिद्धान्त पर्दछ ।

लेनिनले मार्क्सवादको रक्षा, प्रयोग र विकास गर्ने प्रक्रियामा क्रान्तिका बीचबाट लेनिनवादको निर्माण गर्नु भएको हो । लेनिनकै समयमा संशोधनवाद जन्मियो । त्यसले मार्क्सवादको तोडमरोड तथा विकृतीकरण गर्न पुग्यो । अतः महान् लेनिनले संशोधनवादका विरुद्ध कडा सैद्धान्तिक सङ्घर्ष चलाएर मार्क्सवादको रक्षा गर्नु भयो । साथै लेनिनले मार्क्सवादको रक्षा गर्नुका साथै महान् अक्टुबर समाजवादी क्रान्ति सम्पन्न गरेर रुसी धर्तीमा त्यसको प्रयोग समेत गर्नुभयो । यसका अतिरिक्त लेनिनले जडसूत्रवाद र अनुभववादविरुद्ध कडा विचारधारात्मक सङ्घर्ष चलाएर मार्क्सवादलाई थप विकसित तुल्याउनु भयो ।

लेनिनले मार्क्सवादको तीन सङ्घटक अङ्गहरू- दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादलाई विकसित तुल्याउनु भयो । त्यसैले, लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद बन्न पुग्यो ।

**माओवादको विकासको चरण :**

माओवाद कमरेड माओत्सेतुङ (सन् १८९३-१९७६) द्वारा विकसित तुल्याइएको मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण हो । खास गरी सामन्तवादी साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त अविकसित देशहरूको क्रान्तिका समस्याहरूको समाधान गर्नुपर्ने, स्टालिनको मृत्युपश्चात् रुस एवम् पूर्वी युरोपका कैयौं देशहरूमा भएको प्रतिक्रान्ति र पुँजीवादको पुनः स्थापनाका कारणहरूको खोज गरी त्यसबाट शिक्षा लिनु पर्ने र त्यसबाट उत्पन्न समाजवादी समाजका अन्तर्विरोधहरूको समाधान गर्नु पर्ने, ख्रुश्चोवी आधुनिक संशोधनवादका विरुद्धको लडाइँ लड्नु पर्ने ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा कमरेड माओद्वारा मार्क्सवाद-लेनिनवादको थप परिमार्जन तथा विकास गरी त्यसलाई मार्क्सवाद-लेनिनवादको तेस्रो, नयाँ र गुणात्मक उचाइमा पुऱ्याउने काम भयो । यसलाई नै माओवाद भनिन्छ ।

लेनिनपश्चात् जब मार्क्सवाद-लेनिनवादलाई कमरेड माओले विकसित तुल्याउनु भयो, तब मात्र विश्व सर्वहारावर्गको पथप्रदर्शक सिद्धान्तको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद बन्न पुग्यो । अतः सर्वहारावर्गको अधिनायकत्व अन्तरगत निरन्तर सङ्घर्षको सिद्धान्त नै माओवाद हो ।

मानव समाजमा चल्दै आएका भीषण वर्ग सङ्घर्षको ऐतिहासिक अनुभव र विकासका क्रममा अन्तर र्‌ाष्ट्रिय सर्वहारावर्गको क्रान्तिको विज्ञानको रूपमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा मार्क्सवादी विचारको अनुसन्धान र मार्क्सवादको विकास भयो ।

मानव समाजको विकासको क्रममा चल्दै आएका वर्गसङ्घर्षका नयाँनयाँ अनुभव र समस्याहरूको सन्दर्भमा लेनिनद्वारा मार्क्सवादलाई त्यसको समग्रतामा विकासको दोस्रो चरण लेनिनवादको चरणमा पुऱ्याउने काम भयो । यसरी आज एक विज्ञानकै रूपमा रहेको मार्क्सवाद सङ्घर्षकै क्रममा विकासको तेस्रो, नयाँ र उच्च चरणमा पुगेको छ । अतः यो तेस्रो, नयाँ र उच्च चरण क. माओद्वारा विकास गरिएको माओवादको चरण हो ।

अतः यसरी आज विश्वसर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिङ्गो अभेद्य वैचारिक अस्त्रका रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । यसलाई कसैले पनि अलग गर्न सक्तैन । माओवादलाई अलग गरेर मार्क्सवाद-लेनिनवादलाई मात्र हेर्नु संशोधनवाद हुन जान्छ ।

त्यसैले माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिनवादको रूपमा ग्रहण नगरी कोही पनि सच्चा कम्युनिष्ट बन्न सक्तैन ।

जसरी कम्युनिष्ट क्रान्तिकारीहरूद्वारा सबैखाले प्रतिक्रियावाद, संशोधनवाद र अवसरवादका विरुद्धको भीषण सङ्घर्षका बीचबाट मार्क्सवाद-लेनिनवादको विकास भयो । त्यस्तै गरी आज माओवादको विकास पनि निर्मम वैचारिक सङ्घर्षको बीचबाट भइरहेको छ । त्यसो भएर नै संसारभरका प्रतिक्रियावादीहरू, संशोधनवादीहरू र अवसरवादीहरूले माओवादमाथि चारैतिरबाट भीषण आक्रमण अगाडि बढाइरहेका छन् ।

कमरेड माओले विकास गरेका द्वन्द्वात्मक भौतिकवादको सारतत्व हुन् अन्तर्विरोधको नियम, विपरीतहरूको एकत्वको नियमको उद्घाटन र तिनको व्याख्या । माओद्वारा दर्शनका क्षेत्रमा एकको दुईमा विभाजन हुन्छ भन्ने कुराको समृद्ध व्याख्या र प्रयोग गर्ने काम भयो । त्यस्तै ज्ञानसिद्धान्तको क्षेत्रमा पदार्थको चेतना र चेतनाको पदार्थमा रूपान्तरणको दुई छलाङ्गको सिद्धान्तका रूपमा विकास र व्याख्या गर्ने काम पनि भयो ।

साथै आधार र उपरिसंरचना, उत्पादक शक्ति र उत्पादन सम्बन्ध, सिद्धान्त र व्यवहार बीचको द्वन्द्वात्मक सम्बन्धको व्याख्या, विवेचना तथा परिमार्जन गर्ने काम भयो । त्यस्तै नयाँ जनवाद, दीर्घकालिन जनयुद्ध, नोकरशाही पुँजीवाद, सर्वहारा अधिनायकत्व अन्तरगत क्रान्तिको निरन्तरताको सिद्धान्त तथा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्तको प्रतिपादन तथा प्रयोग वर्ग सङ्घर्षलाई मुख्य कडी मान्ने, राजनीतिलाई कमाण्डमा राख्ने, क्रान्तिलाई पकड्ने र उत्पादनलाई जोड दिने, मुख्यतः लाल बन्दै निपुण समेत बन्नु पर्ने जस्ता मान्यता र दर्शनलाई जन समुदायमा पुऱ्याउनु पर्ने कुरामा कमरेड माओले जोड दिनु भएको छ ।

साथै, माओले विश्वदृष्टिकोण र कार्यदिशा बीचको अन्तरसम्बन्धको बारेमा वर्ग सङ्घर्ष तथा दुईलाइन सङ्घर्षका समस्याहरूको समाधानका लागि रणनीति तथा कार्यनीतिको विकास र संशोधनवादविरुद्ध निर्मम सङ्घर्षमा जोड दिने कुरालाई महत्वका साथ स्थापित गर्नु भएको छ । यसरी मालेमावाद विश्वसर्वहारावर्गको मुक्तिको पथप्रदर्शक सिद्धान्त भएकोले संसारभरका सबैखाले प्रतिक्रियावादी तथा संशोधनवादीहरूले माओवाद र माओवादीहरूमाथि भीषण हमला गरिरहेका छन् ।

हाम्रो देश नेपालमा एकातिर दश वर्षे जनयुद्धको नेतृत्व गरेर आएको माओवादीको भित्रको एउटा ठूलो हिस्सा माओवादलाई फ्याँकेर एमालेको जनताको बहुदलीय जनवादलाई स्वीकारगर्दै, बहुलवादलाई स्वीकार्दै, संसदीय व्यवस्थालाई स्वीकार्ने मात्र होइन, त्यसलाई बलियो बनाइराख्ने गरी एमालेमा बिलय हुन पुगेको छ र प्रतिक्रियावादी सत्तामासमेत् सामेल हुन पुगेको छ । मुख्यतः दशवर्षे जनयुद्धको नेतृत्व गरेर आएका प्रचण्ड बाबुरामहरू एमालेकरण र काँग्रेसीकरण भएर नेपाली कम्युनिष्ट आन्दोलनबाट बिसर्जित हुन पुगेका छन् ।

यस्तो परिस्थितिमा वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धाराको प्रतिनिधित्व गर्दै आएको र महान् नेपाली नयाँ जनवादी क्रान्तिको ऐतिहासिक कार्यभार पूरा गर्ने जिम्मेवारी बहन गरिरहेको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले मात्र मालेमावादका आधारभूत सिद्धान्तहरू र त्यसका आदर्शहरूलाई आत्मसात गर्दै आएको छ । मालेमावादलाई पथप्रदर्शक सिद्धान्तको रूपमा अङ्गीकार गर्दै आएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) ले वर्तमान नेपाली समाजको वैज्ञानिक ढङ्गले वर्ग विश्लेषण गरेको छ । अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामा रहेको नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरि वैज्ञानिक समाजवादहुँदै साम्यवादसम्म पुग्ने लक्ष्य राखेर अगाडि बढेको छ । यस पार्टीले नेपाली क्रान्तिको सामरिक कार्यदिशासमेत पारित गरेर सशस्त्र जनविद्रोह मार्फत् नेपाली क्रान्ति सम्पन्न गर्ने रणनीतिक कार्यदिशासमेत् पारित गरेर कार्यान्वयको लागि क्रान्तिका तीन जादुमयी हतियार पार्टी, सेना र संयुक्त मोर्चाको निर्माणलाई महत्वका साथ अगाडि बढाइरहेको छ ।

अर्कोतिर, साबिकको एमाले र साबिकको माकेबीच एक अर्कोमा बिलय भएको छ । यसले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नामाकरण गरेको छ । यसले आफूलाई कम्युनिष्ट भएको सरकारमा दुईतिहाई बहुमत भएको र समाजवादउन्मुख नीति तथा कार्यक्रम ल्याउने घोषणा गऱ्यो । तर उसले २०७५/०७६ को बजेटमा भने दलाल तथा पुजीपतिवर्गलाई संरक्षण गर्ने बजेट ल्यायो । यसरी आज (नेकपा) कम्युनिष्टको खोल ओढेको नामधारी कम्युनिष्टको रूपमा खडा हुन पुगेको छ । यसले जनतालाई कम्युनिष्ट नै भएको ठूलो भ्रम फैलाइरहेको छ । सारा मान्छेहरू यो कम्युनिष्ट नै हो भनेर भ्रममा परेर सरकारका पछि लागिरहेका छन् ।

यस प्रकारको परिस्थितिमा पार्टीलाई क्रान्तिकारी बनाइ राख्नका निम्ति, सिङ्गो पार्टी पङ्क्तिलाई मालेमावादको सिद्धान्तले लैस बनाई राख्नका निम्ति र महान् नेपाली नयाँ जनवादी क्रान्तिलाई विजयसम्म पुऱ्याउनका निम्ति मालेमावादको आवश्यकता झनै बढेर गएको छ । मालेमावादका आधारभूत सिद्धान्तहरूका विषयमा गहन अध्ययन गर्ने, व्यवस्थित रूपमा स्कुलिङ सञ्चालन गर्नु पर्ने आवश्यकता छ । पार्टी पङक्तिभित्र एउटा विडम्बना के छ, भने क्रान्तिकारी माओवादीको नेता, कार्यकर्ताहरूमा माओवादी भएकोमा त गर्व छ, तर माओवाद भनेको के हो भन्ने कुरा थाह छैन । यसो हुनुको पछाडिको मुख्य कारण पार्टी पङ्क्तिभित्र स्कुलिङको कमी हो । सबै माओवादी क्रान्तिकारीहरूले मालेमावादलाई आत्मसात गरेर जीवनपद्धतिको रूपमा ग्रहण गर्न र जीवन व्यवहारमा लागु गर्नु जरुरी छ ।

आम पार्टी पङ्क्तिलाई सर्वहाराकरण गर्न, क्रान्तिकारी माओवादीका सम्पूर्ण नेता, कार्यकर्ताहरूले सर्वहारावर्गीय जीवन शैली र कार्य पद्धति अपनाएर रूपान्तरित हुन जरुरी छ । यी सबै कामलाई वैज्ञानिक ढङ्गले व्यवस्थित गर्न मालेमावाद एक मात्र अचुक सैद्धान्तिक हतियार हो । मालेमावाद विश्वसर्वहारा क्रान्तिको लाल झण्डा हो । सर्वहारावर्गलाई मार्गनिर्देशन गर्ने एकमात्र पथप्रदर्शक सिद्धान्त भएकाले मालेमावाद आवश्यकता बढेर गएको छ

## गण्डकी...

भने निकै बेखुशी बनेका छन् । उनीहरू प्रादेशिक सरकारको यो निर्णले आफूहरू र आफ्नो पहिचानमाथि ठूलो धक्का दिएको सार्वजनिक पनि गरेका छन् ।

उनीहरूका अनुसार ४ नम्बर प्रदेशमा रहेको जातीय विविधता र जातीय पहिचान यसले सम्बोधन नगर्ने बताएका छन् । उनीहरूले आफूहरू संघीय संविधानको मर्मअनुसार पहिचानकै आधारमा यो प्रदेशको नामाकरण गरिनेमा निकै आशावादी रहेको तर परिणाम त्यसको ठीक उल्टो आएको भनेर विरोध जनाइरहेका छन् । प्रदेश सबैको साझा थलो हो । सबैको अपनत्वको संबोधन गर्नुपर्छ यसले ।

नेपालमा गणतन्त्रको स्थापनासँगै पहिचानको राजनीति पनि सतहमा आएको थियो । ताकालिन माओवादीले प्रदेशको नामाकरण राजनीतिक भएकाले पहिचानकै आधारमा हुनु पर्ने कुरामा जोड दिँदै आएको थियो । तर तात्कालिन एमाले र नेपाली कांग्रेस भने यसका विरुद्धमा थिए । यी पार्टीहरूले पहिचानले मात्र नपुग्ने भन्दै त्यसमा क्षमता पनि हुनु पर्ने र  र अझ बढि त क्षमताको आधारमा हुनुपर्ने कुरामा जोड दिएका थिए ।

संविधानसभाको पहिलो निर्वाचनमा तात्कालिन माओवादी झण्डै बहुमतमा आएपछि एमाले र नेपाली कांग्रेसको स्वर झिनो हुन पुगेको थियो । तर जब पहिलो संविधानसभाको आधा रातमा विघटन गरियो र दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न गरियो, त्यसपछि माओवादीको स्थान नगन्य झैं हुन पुग्यो ।

पछिल्लो चरणमा आएर संविधानसभाको दोस्रो चुनावमा भाग लिने वा नलिने भनी बहस हुँदै जाँदा माओवादीमा फुट र विभाजन आयो । यसले माओवादीलाई निकै कमजोर बनायो । एमाले र कांग्रेसको पहुँच र बल हाबी हुँदै गायो ।

पछिल्लो चरणमा संघीय संविधान अन्तर्गत भएको तीन तहका सरकारहरूको निर्वाचनपछि माओवादी केन्द्रको एमालेमा विलय भएपछि त पहिचानको मुद्दा झनै कमजोर बन्न पुग्यो । हाल बहुमतको सरकारमा बसेका पूर्व एमाले र पूर्व माओवादी केन्द्रको पार्टी ने क पा ले पहिचानको विरुद्धमा ह्विप जारी गरेर मतदान गऱ्यो ।

## पहिचानविरोधी...

जनगणतान्त्रिक मोर्चा, नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित जातीय, क्षेत्रीय स्वायत्तता तथा उत्पीडित जातीय पहिचान सहितको सङ्घीयताको आधारमा राज्यको पुनर्संरचना हुनुपर्दछ भन्ने मागसहित सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक अधिकारसम्बन्धी मुद्दाहरू लामो समयदेखि क्रान्तिकारी राजनीतिक पार्टीहरू, देशभक्त, गणतन्त्रवादी र नेपालका आदिवासी जनजातिहरूले उठाएर आन्दोलन गरिरहेका छन् । नेपाल सरकार र संसदवादी राजनीतिक दलहरूको त्यसप्रकारको पहिचानविरोधी निर्णयहरूप्रति देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल पूर्णरूपमा असहमति प्रकट गर्दछ र त्यस्ता पहिचान एवम् जनविरोधी निर्णयहरू तुरुन्त खारेज गरियोस् भनी जोड्दार माग गर्दछ ।'

वक्तव्यको अन्त्यमा भनिएको छ, 'शोषित उत्पीडित नेपाली जनताहरू र आदिवासी जनजातिहरूको चाहना र भावनाविपरित पहिचान मेटिने गरी अमूक र अमूर्त ढङ्गबाट भुगोल र नदीनाला तथा पहाड पर्वतको आधारमा सङ्घीय प्रदेशहरूको नामाकरण गर्ने निर्णय गरी त्यसैलाई लागु गरिएमा त्यसका विरुद्ध सम्पूर्ण पहिचानका पक्षधरहरूलाई एकजुट भई आन्दोलनमा लाग्न देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल आह्वान गर्दछ ।'

---

दुर्वाच्य



रामचन्द्र हुमागाई

## संसदीयता नफाप्ने पक्का

'सन्सारबाट मार्क्सवाद पलायन हुदैछ' र नेपाललमा अधिनायकवाद लादिँदैछ, भन्ने सस्तो नारा दिएर हिडिरहेका प्रजातन्त्रका हिमायतिहरूले एकपटक विश्व राजनीतिमा च्याउँनुपर्ने बेला भएकोछ । चोरिएको माक्सवाद लच्याइँले ढाकछोप गरिरहेको प्रजातन्त्र विस्तारै पलायन हुँदै गैरहेको दर्पण देखिदै आउँन थालेको छ । भलै मार्क्सवादी खोल वोडेर सत्तामा हालिमुहाली गरिरहेका नौटँकी नेताहुन, चाहे बहुलवादको ढोंग रचेर सदियौं देखि हालिमुहाली गरिहेका सामन्तवादका अवशेष हुन सबैको पत्ता साफ हुँदै गैरहेको छ भन्दा कत्ति पनि हिच्किचाउँन पर्दैन ।

विश्वको आर्थिक डनका रूपमा रहेको युरोप जनघेरामा परिसकको छ । अलिअलि खुट्टा लिगलिग गरिरहेको वेलायत र जर्मन पनि खुट्टा कमाउँन थोलेको छ । आर्थिक उत्पादनमा देखिन थालेको गिरावट र औद्योगिक अराजकताका कारण युरोप यसरी घरासायि बन्दै गएको कुरा जर्मनका पूर्व उपचान्सलर योस्का फिचर लेख्छन्, ' विश्वको सबै भन्दा ठूलो शक्तिशाली अमेरिका अहिले आफ्नै स्वार्थको रक्षा गर्नमा व्यस्त छ' । अमेरीकी राष्ट्रपति रोनाण्ड ट्रम आफैंले अमेरिकाका अगाडि चीनलाई अप्रत्यक्ष रूपमा शक्ति हस्तान्तरण गरिसकेका छन् । हुन त अहिलेसम्म विश्वको शक्ति राष्ट्रको अघिल्लो पँतीमा अमेरिका नै आउँछ ता पनि भित्री रूपमा उसले स्वीकार गरिसकेको छ कि भविश्यको शक्ति राष्ट्र भनेको चीन नै हो । एक अर्व चालिस करोड जनताको व्यवस्थापनका साथै चीनले विश्व वजारमा लम्काएको लामो हातलाई अव कसैले खुम्याउँन सक्ने छैन । चीनका पछिपछि आउँने अर्को राष्ट्र हो भारत । भारतीय जनताको जस्तो अवस्था रहेता पनि परमाणु र आर्थिक रूपमा उसैको लम्काई दोश्रो दर्जामा रहन्छ । भलै दौडाइको दूरी निकै पछि रहेता पनि उसको पछाडिको धावक पनि निकै पछाडि हुने छ ।

यिनै दुइराष्ट्रको वीचमा हामी नेपाली रहेका छौं । हामी उनीहरूको पछाडि दौडिनु त के छिमेकी साथीहरू कहाँपुगे भनेर दुरविनले हेर्दा पनि देख्नसक्ने छैनौं । तर, यिनीहरूको दौडाइमा विचबाटोमा बसेर पानी वा जुस ख्वाउने काम गर्न सक्छौं । यसका लागि क्षमतावान व्यवस्थापकको आवश्यकता पर्छ । त्यस्तो व्यवस्थापक अहिलेसम्म देखापरेको छैन । देखिए पनि विगतको उसैको इतिहासले विश्वास गर्ने वातावरण छैन । नालीमा डुबुल्की मारेर बाहिर आउँदा अमृतको पोखरीमा पौडि खेलेर आएको भन्दैमा विश्वास कसैले गर्नेवाला छैन । यसैलाई भनिएको हो चोरी गरिएको मार्क्सवादलाई कुरान वा वाइवल बनाएर प्रकाशित गर्दैमा त्यो पुस्तकलाई धर्मशास्त्र मान्न सकिँदैन । मार्क्सवादले कही पनि स्वन्त्रतालाई बन्देज लगाएको छैन । छाडा बहुलवादलाई भने मार्क्सवादले छुट दिएको पाइँदैन । शासहरूले आआफ्ना तजविजीकालागि मात्रै मार्क्सवादलाई अधिनायकवाद भनेका हुन । कसैले माक्सवाद समाप्त भैसक्यो भन्दैमा यो समाप्त हुनेवाला पनि छैन र यसको फर्मुला चोरी गरेर प्रजातन्त्रको नामाकरण गर्न पनि छाड्ने छैनन् । केवल क्षमतामा भरपर्ने मात्रै हो । यसका वारेमा एउटा स्मरण उल्लेख गर्नु उपर्युक्त होला ।

यो पँतिकार २५ वर्ष अगाडि जापान पुगेको थियो । त्यहाँको रहनसहन र काम गराई प्रति एक स्थानीय समक्ष तिमीहरू आफ्नो व्यवस्थालाई शोसलिजम भन्छौ तर काम गराई माक्सवादसँग मेल खान्छ भन्ने जिज्ञासा राख्ता उसले स्पष्ट जवाफ दिएको थियो । हो, नागासाकी र हिरोशिमा अमेरिकाले वम वर्षाद् गरेपछि तेरो जापानमा एकसय वर्ष घाँस पनि उम्रदैन भनेको थियो । तत्कालिन राज हिरोहितो निकै चिन्तित भएर जापानका राजीतिक पार्टीसँग यो प्रस्थाव राखे र भने तिमीहरूको कार्यक्रम ल्याउ र जापानलाई सबै मिलेर विउँताउँ । राजाको यो प्रस्तावलाई सबै राजनीतिक पार्टीहरूले स्वीकार गरे र जापान कम्युनिस्ट पार्टीले पनि स्वीकार गऱ्यो । राजाले सबै मार्क्सवादका आर्थिक कार्यक्रमहरू लागु त गऱ्यो तर माक्सवादको ठाउँमा शोसलिजम राख्यो । जनतालाई माक चाहिएको थियो, कमिलाको गोलो झैं काममा खनिए । हाम्रो जस्तो युवा शक्ति विदेश पलायन भएको भए जापान अहिलेको जापान कहाँ हुन्थ्यो र ! अर्को एक प्रश्नमा ती जापानिजले भनेका थिए, त्यसको बदला तिमीहरूले लिनु पर्दैन त ? भन्ने जिज्ञासामा, हामीले त्यसको वदला भरमगदुर लिएरहेको छौं । हामी विश्वका सबैभन्दा मजवुत सामग्री उत्पादन गर्छौं र अमेरिका र युरोपमा सप्लाइ गरेर डलर आम्दानी गरिरहेको छौं । यो पनि एउटा आफ्नै किसिमको मार्क्सवादको चारी हो ।

हिजोआज विभिन्न विदेशी लेखकहरूका लेखहरू आउँन थालेका छन् । ती लेखहरूको भर्सन यस्तो छ, युरोपमा मानिसहरू खोक्रो स्वतन्त्रतालाई बाटोमा गिज्याएर ठिङ्ङ उभिइरहेका छन् । पैसा, गुण्डा र गुटको भरमा नेता बन्नेहरूले देश चलाइरहेका छन् । मानिसहरू मतदानका दिन दिक्क मानेर कतै भ्रमण गर्न हिड्न थालेका छन् भने कतै दिनभर परिवारसँग दिन बिताएर बस्नथालेका छन् । मतको प्रतिशत परिणाम भनेको देखाउँने दाँत मात्रै हो । हामी नेपाली भने मतदानका लागि रातारात कार्यालय छुट्टी लिएर लाइन लाग्न पुगेका हुन्छौं । हुन त नयाँ जोगीले धेरै खरानी घस्छ भन्ने उखान नै छ ।  भो धेरै गुट, बुट र लुटको प्रजातन्त्रको अपव्याख्या नगरौं । प्रतिगामीको आरोप पनि लाग्नसक्छ तर सत्य जहिले पनि सत्य नै रहने रहेछ । होइन भने हिजोका निरँकुशका लाइके किन अहिले प्रजातन्त्रवादी हुने थिए र ! भोली जनगणतन्त्र आउँदा पनि उनीहरू त्यसैमा रमाउँन आइपुग्छन् र अव्वल नम्वरको जनगणतन्त्रवादी उही हुन पुग्छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रानुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।



**रोयल बुईपा A/C जम्बो हाईस**
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर | गाईघाट सम्पर्क नम्बर
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

**टाटासुमो बोलेरो**

काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)

सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३९२८४३०

## आलोपालो

# संशोधनवाद : विश्व कम्युनिस्ट आन्दोलनको ऐजेरु

● मोहन लिम्बू

यस पृथ्वीमा मानव जातिको उत्पत्ति भएपछि जीवीत रहनको लागि प्रकृतिमा केही उपायको खोजी गर्न थालियो । त्यही उपायको खोजीमा विभिन्न कुराहरू पत्ता लगायो । यो विकास क्रममा जङ्गली -आदिम साम्यवादी) युग हुँदै कविलाइ (गण) समाजको विकास हुन पुग्यो । यो समयदेखि मानव समुदायमा श्रम विभाजन, निजी सम्पत्ति र परिवारहुँदै वर्गीय समाज (सत्ता)को उदय भयो । यसपछि सिङ्गो मानव जातिको प्रकृति र मानव समुदायमा बाँच्नको निम्ति हरेक चिन्तन मनन गर्न थालियो । विश्वमा यो समयबाट वर्गीय समाजको विकाससँगै विश्वदृष्टिकोण पनि विकास हुन पुग्यो ।

विभाजित समाज (वर्ग) जस्तै दृष्टिकोण पनि विश्वमा दुई ध्रुवमा विभाजित हुनपुग्यो । जसमा द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद र अध्यात्मक (आर्दशवाद)को कित्तामा चिनिन पुग्यो । प्रतिक्रियावाद (मालिक, सामन्त र पुँजीपति)ले अध्यात्मक (आर्दश)वाद र उत्पीडित वर्गले द्वन्द्वात्मक भौतिकवाद स्वीकार्न पुगे । विश्व मानव जातिमा वर्गीय समाज (सत्ता)को विकाससँगै मानव बीच आन्दोलनको रूप लिन पुग्यो । उत्पीडित (सर्वहारा) वर्गमाथि शासक (मालिक, सामन्त र पुँजीपति) वर्गले बल प्रयोग गरी सत्ता सञ्चालन गर्न थाल्यो । यसको विरुद्ध उत्पीडित (श्रमिक सर्वहारा) वर्गले पनि आन्दोलन गर्न थाले । यो आन्दोलन कम्युनिस्ट पार्टीको नेतृत्वमा हुन थाल्यो । यो आन्दोलनलाई शासकवर्गले दबाउन थाल्यो ।

कम्युनिस्ट आन्दोलन विश्वका देशहरूमा आ-आफ्नो युग, समय र काल (वस्तुगत र आत्मगत) परिस्थितिका आधारमा भए । विश्व कम्युनिस्ट आन्दोलन जसरी विकास हुँदै आयो, त्यसरी नै कम्युनिस्ट आन्दोलनभित्र युग, समय र कालसँगै परिस्थितिअनुसार निरन्तर रूपमा सबै खाले ऐजेरु (संशोधनवाद) को जन्महुँदै आयो । मार्क्स-एङ्गेल्सदेखि रुसी अक्टोबर क्रान्ति (लेनिन), चिनियाँ क्रान्ति (माओ) हुँदै नेपाली कम्युनिस्ट आन्दोलनमा पनि ऐजेरुको उत्पत्ति हुँदै आएका छन् ।

कम्युनिस्ट आन्दोलन भनेको के हो ? कम्युनिस्ट आन्दोलन भनेको विश्व प्रकृत्ति र मानव जाति (समाज) को गतिविधि बुझ्ने र बदल्ने द्वन्द्वात्मक भौतिकवाद निश्चित उद्देश्य लिएको विचार समूहको एक सङ्गठन हो । यो सङ्गठन भनेको पुरानो वस्तुको ध्वंस, असत्य कुराको नष्ट र ठगीखाने (शोषक) वर्गको तखता पल्टाउने र नयाँ वस्तुको आविस्कार (परिवर्तन)को एक विचार समूह हो । यो आन्दोलनले वर्गलाई केन्द्रमा राखेर सबै खाले (वर्गीय, जातिय, लिङ्गिय र क्षेत्रीय) उत्पीडनबाट मुक्त गराउने र निरन्तर क्रान्तिद्वारा सत्ता (पार्टी, सेना र मोर्चा)को ध्वंस निर्माण र पुन ध्वंस गर्दै आर्थिक भौतिक र चिन्तनद्वारा सम्पन्न, सभ्य, दक्ष र सुन्दर विश्व मानव समाज निर्माण गर्ने महान् उद्देश्य लिएको विचारसमूहले चलाएको आन्दोलनलाई नै कम्युनिस्ट आन्दोलन भनिन्छ ।

**ऐजेरु भनेको के हो ?**

ऐजेरु जात भनेको रहेक वस्तुको एक खाले रोग हो । एउटा रुख (विरुवा) मा उम्रने ऐजेरुको उदाहरण लिऊ । रुखको जुनसुकै भागमा उम्रे पनि ती रुखहरू विस्तारै रोगी बन्दै जान्छ । यसको आफ्नो उम्रने जमीन पनि छैन र जमीनबाट आफूलाई चाहिने खाने कुरा पनि लिदैन । रुखले लिएको खानेकुरा यसले चुसेर खाने काम गरिदिन्छ । यसमा आफ्नो स्वत्व गुण पनि छैन र फल पनि लाग्दैन । यो जात फूलबाट उम्रने खास गुण पनि छैन । यो जात भनेको कुनै पनि वस्तुको जीवन व्यवहारमा लागू भएको देखिदैन । यो आफै पनि कहीं काम नआउने र अन्य वस्तु (रुख)लाई पनि जीवन व्यवहारमा काम नलाग्ने कोटीको ऐजेरु जात भनिन्छ ।

कम्युनिस्ट आन्दोलनमा ऐजेरु (संशोधनवाद)को रूपमा यसरी विकास हुँदै आइरहेका छन् । युग, समय र काल परिस्थितिअनुसार निरन्तर रूपमा मध्यवाम, एकमनावाद, जडसूत्रवाद, क्षेत्रीयवाद, आदर्शवाद, एकपक्षीयवाद, मनोगतवाद, उदारवाद र आत्मसुरक्षावादका नाममा जन्मिएका छन् । यिनीहरूले आफ्नो वर्ग, सत्ता (पार्टी, सेना र मोर्चा) निरन्तर क्रान्ति, सर्वहारावर्गको अधिनायकत्व र जनवादी केन्द्रीयतालाई बुझ्न सकेनन् वा बुझेर पनि बुझ पचाए । यी मध्ये कतिले जनवादलाई अतिभूतवादी रूपले बुझ्नाले तानाशाह बन्ने कतिले जनवादलाई अति स्वतन्त्रताको नाममा बुझेकाले अराजकता बन्न पुगे । यी जातहरूले मार्क्सवादका मूलभूत सिद्धान्त : जस्तो इतिहासमा 'बल प्रयोग' को ठाउँमा शान्तिपूर्ण, श्रमजीवी (सर्वहारा) जनताको पार्टीको नाममा सबै मान्छेको पार्टी (सत्ता) र वर्ग सङ्घर्षको ठाउँमा वर्ग समन्वय (सहअस्तित्व) गरेर जानु पर्छ भन्ने घोषणा गरे । क्रान्तिकारी पार्टीलाई बुर्जुवा पार्टी बनाउने देखि दक्षिणपन्थी विसर्जनवाद हुँदै प्रतिक्रियावादी सत्तामा पतन गराए । विश्व कम्युनिस्ट आन्दोलनमा विभन्न युग, समय र कालखण्डमा देखा परेका ऐजेरुहरू ब्लाङ्की, बर्नस्टिन, वाकूनिन, काउत्स्की, ख्रुश्चेभ, लिनप्यायो, लिलिशान, छन् तूश्य, देङस्यायो पिङहुँदै नेपाली क्रान्तिमा केशरजँग रायमाझीदेखि लिएर प्रतिक्रियावादी सत्तासँग मिलेर संसदीय व्यवस्थाको सत्ता सञ्चालन गर्दै आएको एमाले र खास गरी दलाल नोकरशाही पुँजीपतिसँग टाँसिएर संसदीय व्यवस्थालाई मान्न पुगेका माओवादी केन्द्र पनि आन्दोलनको ऐजेरु हुन पुगे ।

**निष्कर्ष** : विश्वमा मान्छेमान्छे बीचमा शोषण उत्पीडन गरिखाने सामन्त, दलाल र पुँजीपति (साम्राज्यवाद) वर्गको सत्तालाई वर्ग सङ्घर्ष (बल प्रयोग) द्वारा श्रमजीवी (सर्वहारा) वर्ग सत्ता प्राप्त गर्ने कम्युनिस्ट आन्दोलनको उद्देश्य हो । आफ्नो वर्गलाई केन्द्रमा राखेर सबै खाले (वर्गीय, जातीय, लिङ्गीय र क्षेत्रीय) उत्पीडनबाट मुक्त गराउनका साथै निरन्तर क्रान्तिद्वारा सत्ता (पार्टी, सेना र मोर्चा) को ध्वंस, निर्माण गर्ने र पुनः ध्वंस (विलोपीकरण) गरी आर्थिक, भौतिक र चेतनाले सम्पन्न, सभ्य, दक्ष र सुन्दर शोषणरहित मानव समाजको निर्माणको महान् लक्ष्य हो । यो महान् लक्ष्य बोकेको कम्युनिस्ट आन्दोलन भित्र ऐजेरु जात जन्मिएका छन् । माथि उल्लेख गरे झैं कुनै पनि बोट विरुवामा पलाएको ऐजेरुले ती बोटविरुवालाई रोगी बनाउँदै सखाप पारी जीवन व्यवहारमा काम नलाग्ने बनाइ दिन्छ । यसरी नै कम्युनिस्ट आन्दोलनभित्रका संसोधनवादी ऐजेरुले पनि कम्युनिस्ट आन्दोलनको त्यो महान् लक्ष्यलाई रोगी पार्ने क्रम रोकिएको छैन । यी जात मालिक सामन्त र पुँजीवादी (साम्राज्यवाद) सँग विलिन हुन पुगे र कम्युनिस्ट आन्दोलनलाई पतन बनाउने ठूलो कोशिस गरिरहेका छन् ।

### लडाइँ...

विवाद निकै ठूलो बाधाको रूपमा देखा परेको छ । सभामुख कृष्णबहादुर महराले तीन/चार दिनभित्र कांग्रेसले संसदीय समितिहरूमा बस्ने मानिसहरूको नाम दिन नसके कांग्रेसीहरूको सहभागिताबिना नै संसदीय समिति निर्माण गरिने बताउँदै आएका छन् ।

यदि नेपालको संसदीय इतिहासमा राखिएको प्रचलनलाई हेर्‍यौं भने लेखा समितिको अध्यक्ष प्रतिपक्षलाई दिने गरिएको छ । यसका साथै सङ्घीय संसदमा उपस्थितिको अनुपातमा ४ वटा समितिहरू प्रतिपक्ष पार्टीले माग गरिरहेको छ ।

### राजनीति...

र पहँच रहेका स्थानहरूमा जति पनि यस्ता चिकित्सा विज्ञान प्रतिस्ठानहरू जति पनि खोल्न पाउन सकिने भनी ओली सरकारले संसदमा एक विधेयक पास गर्न दर्ता गरिसकेको छ ।

कुरा के हो भने केसीले उठाएका मागहरू जायज छन् । सरकारले पास गर्न लागेको विधेयक तथा निर्णयहरूले जनताका पक्षमा काम गर्न सक्ने देखिएको छैन । ओली सरकारले यसलाई मध्यनजर गरी माग सुहाउँदो विधेयक ल्याई कार्यान्वयनमा लैजाने भन्दा पनि सरकारको प्रतिस्ठा सम्झेर टसको मस गरेको छैन । अहिले एकखाले दोहोरी चलिरहेको छ ।

प्रधानमन्त्री ओलीले अनसनरत केसीलाई सरकारी जागीर खाएका कर्मचारीले कर्मचारीको मर्यादामा बस्नुपर्ने बताउँदै यदि राजनीति गर्ने भए राजीनामा गरेर फिल्डमा आउन पनि चुनौती दिए । उनले कुनै पनि हालतमा विधेयक पास हुनबाट रोकिन्न भन्दै बरु केसीजी पार्टीमा प्रवेश गर्नु राम्रो हुने पनि बताए । प्रम ओलीको यस्तोखाले अभिव्यक्ति आउनुपूर्व गृहमन्त्री रामबहादुर थापाले जुम्लामा अनसन बसेका डा. गोविन्द केसीलाई अधिनायकवादी भनेर आरोप लगाएका थिए । उनका अनुसार अनसन बसेर अनावश्यक कर, बल र दबाबमा स्वास्थ्य नीति संशोधन गर्न खोज्नु अधिनायकवाद हो ।

सांसदहरूद्वारा उठाइएका प्रश्नहरूको जवाफ दिने क्रममा बुधवार गृहमन्त्री थापाले डा. केसीको अधिनायकवादी शैलीले देशको नवनिर्मित स्वास्थ्य नीतिलाई गम्भीर चुनौती दिन थालेको बताएका थिए । ।थापाले उनलाई गिरफ्तार पनि नगरिएको र विरोध गर्न पनि रोक नलगाइएको भन्दै उनलाई देशमा लोकतन्त्र आएको भनेर जहाँ मन लाग्यो त्यहिं विरोध प्रदर्शन गर्न र अनसन बस्न नदिइने कुरा पनि दोहर्‍याए । उनले जुम्लामा अनसनरत डा. केसीलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठान लगायतका स्वास्थ्यकर्मीहरूले ऐक्यवद्धता जनाइरहेकाले अति संवेदनशील ठाउँ, अस्पताल र चोकमा विरोध प्रदर्शन गर्न नपाइने भन्दै घुमाउरो ढङ्गले देशभरका स्वास्थ्यकर्मीहरूलाई केसीको अनसनमा साथ नदिन प्रतिकात्मक चेतावनी पनि दिएका थिए ।

तर डा. केसीले भने सरकारले माफिया पोसाउने स्वास्थ्य नीतिमा सहमतिअनुसार संशोधन नगरेसम्म उनले थालेको अनसन नरोकिने बताउँदै आएका छन् । उनी बरु कर्णालीमा नै आफू देह त्याग गर्न तयार रहेको बताउँदै आएका छन् । उता देशभरका चिकित्सकहरू हातमा कालो पट्टी बाँधेर सरकारको सांकेतिक विरोध गर्दै आफ्ना काममा जुटेका छन् ।

### के.सी.ले...

हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'नेपालको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा भइरहेको विसङ्गतिका विरुद्ध यसभन्दा अघि चौध पटक अनसन बसिसकेका हाडजोर्नी विभागका वरिष्ठ चिकित्सक डा. गोविन्द केसी यस पटक कणालीको जुम्लामा अनसन बसेको एक हप्ता बितिसकेको छ । डा. गोविन्द के.सी. ले विगतमा स्वास्थ्य र शिक्षा क्षेत्रमा भएका विसगंतिका विरुद्ध बसेका अनसन सरकारले पूरा गर्ने सहमति गरेका विषयहरू समेत् उल्ट्याउने गरी ओली सकारले 'राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश प्रतिस्थापन विधेयक' कै भूमिका खेल्ने गरी 'राष्ट्रिय चिकित्सा शिक्षा विधेयक' संसद सचिवालयमा दर्ता गराउनुले आगोमा घीउ थप्ने काम गरेको छ ।'

सरकारले अनसन बसिरहेका गोविन्द केसीलाई उल्टै 'अधिनायकवादी' को आरोप लगाएर पूर्वाग्रही दृष्टिकोण पालेको विषयलाई लिएर विज्ञप्तिमा भनिएको छ- 'डा. केसी सँग वार्ता गरी जायज मागहरू पूरा गर्नुको सट्टा उल्टो अनसनकारीलाई नै 'अधिनायकवादीको आरोप लगाउनुले यो सरकारको पूर्वाग्रही दृष्टिकोण स्पस्ट देखिन्छ । यसबाट उनको जीवन रक्षामा थप खतरा पैदा हुँदै जाने संभावना बढेर गएको अवस्थामा हामी डा. के.सी.ले उठाएका जायज मागहरू पूरा गर्न सरकारसँग जोडदार माग गर्दछौं । साथै, उनको जीवन रक्षामा कुनै पनि किसिमको लापरवाही नगर्न समेत् चेतावनी दिन चाहन्छौं ।'

### दाहालको...

आर्थिक चलखेलमा हुन थालेको संस्थागत बन्देजले ओझ्ालो लागेका दाहाललाई बाछाले खेदे झैं खेद्ने देखिएको छ ।

तात्कालिन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) मा सुप्रिमोको रूपमा रहेका उनीमाथि कसैले पनि प्रश्न नगर्ने र उनको तजबिजमा सबै काम हुने भएपछि आर्थिक व्यवस्थापन उनका मन परेकाहरूका लागि फुक्काफाल र चाकरी नगर्ने तथा थोरै पनि बिग्रिएको काममा प्रश्न उठाउनेहरूका लागि बन्देज जस्तै थियो । आजका दिनसम्म पनि पूर्व पीएलए तथा पार्टी कार्यकर्ताहरूले उनी विरुद्ध खर्बौको भ्रष्टाचारको कुरा त्यत्तिकै आवेगमा आएर उठाएका होइनन् ।


पानी विना जीवन सम्भव छैन तर दुषित पानीका कारणले लाखौं मानिसहरूले जीवन गुमाई रहेका छन् । त्यसैले पानीका मुहानहरू संरक्षण गरि सफा राखौं ।

डिभिजन प्रमुख

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

धुलिखेल, काभ्रे

स्वास्थ्य, प्रतिष्ठा र विकास लागि सरसफाइ अभियान

- चर्पीको नियमित प्रयोग गरौं, गराऔं, अस्थायी रूपमा बसोबास भएको स्थानमा अस्थायी चर्पी बनाइ प्रयोग गरौं, बालबच्चाको दिसा चर्पीमै व्यवस्था गरौं ।
- **पानी शुद्धीकरणका घरेलु विधि** : उमाल्ने, क्लोरिन गर्ने, फिल्टर आदि प्रयोग गरी मात्र पानी पिऊ ।
- पूर्ण सरसफाइ अभियानलाई सफल बनाउनका लागि आ-आफ्नो टोल, गाउँलाई खुल्ला दिसा मुक्त बनाऔं ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

दोलखा





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटो: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।